दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ८९ | बुटवल | २०८१ चैत १३, गते बुधबार | नेपाल संवत ११४५ | Wednesday Mar. 26, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# कुलमानलाई हटाएको विरोधमा प्रदर्शन






**लुम्बिनी संवाददाता**

*बुटवल*

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी कुलमान घिसिङलाई पदबाट निकालिएको विरोधमा काठमाडौंसहित देशका विभिन्न स्थानमा फरक-फरक तरिकाले विरोध भएका छन् । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले गरेको निर्णयको सोमबार रातीदेखि नै सामाजिक सञ्जालमा विरोध तथा तर्कहरु हुन थालेका थिए । नेकपा एमाले र निकटका संगठन बाहेक सत्ता साझेदार दल नेपाली कांग्रेसका दुई महामन्त्री गगनकुमार थापा र विश्वप्रकाश थापा तथा नेता शेखर कोइरालालगायतका नेताहरुले नै खुलेर विरोध गरिरहेका छन् ।

विरोध प्रदर्शनका क्रममा नयाँ बानेश्वर क्षेत्रमा आन्दोलनकारी र प्रहरीबिच धकेलाधकेल भएको छ । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाउने सरकारको निर्णयको विरोधमा एकीकृत समाजवादीनिकट जनसंगठनले विरोध प्रदर्शन गरेका छन् । कार्यकारी निर्देशक घिसिङ हटाइएको विरोधमा एकीकृत समाजवादीनिकट युवा संघ, अनेरास्ववियूलगायत जनसंठनका नेताहरूले मंगलबार काठमाडौंको विश्वभाषा क्याम्पस अगाडि विरोध प्रदर्शन गरेका हुन् । उनीहरूले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दीपक खड्काको पुतला दहन गर्दै सरकारविरूद्ध नाराबाजीसमेत गरे । घिसिङलाई हटाएकोमा प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र), प्रतिपक्षी राष्ट्रिय स्वतन्त्र पार्टीले विरोध गरेका छन् ।

मन्त्रिपरिषद्को सोमबार साँझ बसेको बैठकले विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक घिसिङलाई हटाएर हितेन्द्रदेव शाक्यलाई नियुक्त गरेको थियो ।

**कावासोतीमा प्रदर्शन**

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ्गलाई सरकारले हटाएको विरोधमा राष्ट्रिय स्वतन्त्र पार्टी नवलपुरले कावासोतीमा विरोध प्रदर्शन गरेका छन् ।

कुलमान घिसिङ्गलाई पुनबहालीको माग गर्दै उनीहरुले विरोध प्रदर्शन गरेका हुन् । उनीहरुले कुलमान घिसिङ्गको पक्षमा र सरकारको विरुद्ध नाराबाजी गरेका थिए । त्यसैगरी जिल्ला प्रशासन कार्यालय नवलपुर र नेपाल विद्युत् प्राविकरणको कार्यालय कावासोतीबाट प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापन पत्र बुझाएका हुन् ।

उनीहरुले सरकारको निर्णय गलत भएको भन्दै तत्काल निर्णय फिर्ता लिएर कुलमानलाई पुनर्बहाली गर्न माग गरेका छन् । कुलमान घिसिङ्गलाई हटाएको विषयलाई लिएर सरकारको चौतर्फी आलोचना भएको छ ।

ज्ञापन पत्र बुझाउँदै रास्वपाका गण्डकी प्रदेश सभापति राजन गौतमले सरकारले गरेको निर्णय अप्रिय भएको भन्दै तत्काल उक्त निर्णय फिर्ता लिनु पर्नेमा जोड दिए ।

**गुल्मीमा प्रधानमन्त्रीको पुत्ला जलाइयो**

नेपाल विद्युत् प्राधिकरणका महानिर्देशबाट कुलमान घिसिङलाई सरकारले बर्खास्त गरेको विरोधमा नेकपा माओवादी केन्द्रको नेतृत्वमा गुल्मीमा पुत्ला दहन गरेका छन् ।

नेकपा माओवादी केन्द्रको नेतृत्वमा समाजवादी मोर्चाले प्रधानमन्त्री केपी शर्मा ओलीको गुल्मीमा पुत्ला दहन गरेका छन् । जिल्ला प्रशासन कार्यालय अगाडी शंख बजाउँदै र ओलीको राजीनामा मागको नारा लगाउँदै पुत्ला जलाइएको थियो ।

पार्टीका जिल्ला सचिव अशोक थापाले घिसिङलाई बर्खास्त गरेको विरोधमा प्रधानमन्त्रीको पुत्ला दहन गरिएको बताए । कुलामान प्रकरणलाई लिएर आज ठाउँ ठाउँमा विरोध भएका छन् ।

**निर्णय फिर्ता लिन माओवादी माग**

नेकपा (माओवादी केन्द्र)ले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाउने सरकारको निर्णय बदनियतपूर्ण र आपत्तिजनक रहेको जनाएको छ । मंगलबार विज्ञप्ति जारी गर्दै विचौलिया र दलालहरूको स्वार्थमा गरिएको निर्णय कुशासनको पछिल्लो दृष्टान्त रहेको बताएको छ । 'यो निर्णय इमान र निष्ठाका साथ काम गर्ने समस्त कुशल प्रशासकमाथिको मनोवैज्ञानिक त्रास श्रृजना गर्ने उद्देश्यले गरिएको छ । यस प्रकारको अन्यायपूर्ण र अपमानजनक निर्णय तत्काल फिर्ता लिन हाम्रो पार्टी जोडदार माग गर्दछ ।'- विज्ञप्तिमा भनिएको छ ।

कुलमान घिसिङलाई हटाउने निर्णय गरेसँगै प्रायोजित दुष्प्रचार सुरु गरिएको माओवादीले जनाएको छ । बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरुपण तथा मेलमिलापसम्बन्धी आयोग गठन गर्ने सहमतिसँग जोडेर पार्टी अध्यक्षप्रति गरिएको दुष्प्रचारप्रति आपत्ति जनाएको छ । 'आमनागरिकमा भ्रम श्रृजना गर्ने यस्ता दुष्प्रचार तत्काल बन्द गर्न कडा चेतावनी दिन चाहन्छौं । यस प्रकारका दुष्प्रचारबाट भ्रमित नहुन सबैमा हार्दिक अनुरोध गर्दछु ।'- माओवादीका उपाध्यक्ष तथा प्रवक्ता अग्निप्रसाद सापकोटाले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

## सरकारले भन्यो- कुलमानसम्बन्धी निर्णय सुशासनसँग जोडिएको छ



बुटवल । सरकारले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई पदमुक्त गर्ने निर्णय सुशासनसँग जोडिएको स्पष्ट पारेको छ । सरकारका प्रवक्ता पृथ्वी सुब्बा गुरुङले मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्ने क्रममा यस्तो बताएका हुन् ।

"यो सुशासनसँग जोडिएको विषय हो । हरेक विषयमा हामी व्यापारी होइनौं, नाफा- नोक्सान हेरिएको हुँदैन," उनले भने -"सडकमा भइरहेको विरोधका सम्बन्धमा लोकतन्त्रमा मान्छे सडकमा निस्किइहाल्छन् ।"

## हितेन्द्रदेवले सम्हाले विद्युत् प्राधिकरणको कमाण्ड



बुटवल । हितेन्द्रदेव शाक्यले पदभार ग्रहण गरेका छन् । सरकारको निर्णयसँगै उनले मंगलबार साँझ विद्युत् प्राधिकरणमा पुगेर कार्यभार सम्हालेका हुन् । सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले कुलमान घिसिङलाई हटाएर शाक्यलाई कार्यकारी निर्देशक नियुक्त गर्ने निर्णय गरेको थियो । सो निर्णय सरकारले मंगलबार औपचारिक रुपमा सार्वजनिक गरेको थियो । कुलमान घिसिङलाई हटाएर नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकको जिम्मेवारी दिएपछि दोस्रोपटक हितेन्द्रदेव शाक्यले पदभार ग्रहण गरेका छन् । मंगलबार नियुक्तिपत्र पाएसँगै शाक्यले विद्युत् प्राधिकरणमा दोस्रोपटक कार्यकारी निर्देशकको रूपमा कार्यभार सम्हालेका हुन् । उनले कार्यभार सम्हाल्दै सरकारले आफूलाई अवसर दिएको र त्यसलाई निष्पक्षताका साथ पूरा गर्ने बताए । उनी यसअघि २०७७ माघ २८ गते प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्त भएका थिए ।

## आन्दोलनमा होमियो राप्रपा




बुटवल । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले आगामी चैत २६ गते काठमाडौंमा प्रदर्शन गर्ने निर्णय गरेको छ ।

मंगलबार काठमाडौंको एक प्यालेसमा बसेको आन्दोलन मूल समितिको बैठकले यस्तो निर्णय लिएको राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले जानकारी दिए ।

त्यस्तै, विसं २०८२ साल बैशाख ७ गतेबाट निरन्तर रुपमा राजधानी केन्द्रित आन्दोलन गर्ने निर्णय पनि राप्रपाले गरेको छ । '२६ गते काठमाडौंमा बागमती प्रदेशस्तरीय प्रदर्शन तथा सभाको आयोजना गर्ने र बैशाख ७ गतेबाट राजधानी केन्द्रित कार्यक्रम अघि बढाउने निर्णय भएको छ ।'- लिङ्देनले भने । त्यस्तै, राजसंस्था हिन्दुराष्ट्रको पक्षमा र संघीयताको विपक्षमा सबैले गर्ने आन्दोलनमा राप्रपाले समर्थन गर्ने पनि उनले बताए । 'राजसंस्था हिन्दुराष्ट्रको पक्षमा र संघीयताको विपक्षमा जजसले आन्दोलन गरे पनि त्यो शान्तिपूर्ण हुनुपऱ्यो त्यसमा समर्थन गर्ने ।'- लिङ्देनले भने । आन्दोलनका लागि सहकार्य गर्न ढोका खुला गरिएको उनले जानकारी गराए ।

उनका अनुसार नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलामा घिसिङलाई हटाउने सरकारको निर्णयको विरोध गर्ने निर्णय पनि भएको छ ।

## 'भुइँमान्छे' कम्युनिस्ट आन्दोलनका बिर्सिएका नायकहरूको दस्ताबेज



बुटवल । डा. बिन्दा पाण्डेद्वारा लिखित पुस्तक 'भुइँमान्छे' माथि मंगलबार गहन छलफल गरिएको छ । नेपाली कम्युनिस्ट आन्दोलनमा तल्लो तहका कार्यकर्ताहरूको संघर्ष, त्याग र योगदानलाई केन्द्रमा राखेर लेखिएको पुस्तकलाई समीक्षकहरूले इतिहासको बिर्सिएको अध्याय पुनः लेख्ने प्रयासका रूपमा लिएका छन् ।

समीक्षाको क्रममा वक्ताहरूले नेपाली कम्युनिस्ट आन्दोलनमा सर्वसाधारण कार्यकर्ताहरूले खेलेको भूमिकालाई पुस्तकले सशक्त रूपमा उजागर गरेको बताए । उनीहरूले जनताको बलिदानबिना कुनै पनि आन्दोलन सफल नहुने तर्क राख्दै, इतिहास लेख्दा तल्लो तहका संघर्षशील पात्रहरूलाई उपेक्षा गर्न नहुने धारणा व्यक्त गरे ।

कार्यक्रममा समीक्षक ऋषि आजादले भने-"कम्युनिस्ट आन्दोलनका सफलता नेताहरूको मात्र योगदान होइन, तर वास्तविक नायकहरू त ती भुइँमान्छेहरू हुन्, जसले आफ्नो घरबार गुमाएर, ज्यानकै बाजी लगाएर आन्दोलनलाई जीवित राखे। यो पुस्तक त्यही उपेक्षित इतिहासको दस्ताबेज हो ।" उनले समतलिय सोचाइले मात्रै सबैको सम्मान हुने बताए ।

साहित्यकार दलबहादुर गुरुङले पुस्तकलाई ऐतिहासिक पुनर्लेखनका रूपमा लिँदै भने-"कम्युनिस्ट आन्दोलनको इतिहास नेताहरूले मात्र लेख्न सक्दैनन् । तल्लो तहका कार्यकर्ताहरूको कथा समेट्नु जरुरी छ । इतिहासमा सधैं ठूलो नाम भएका व्यक्ति मात्र प्रमुख हुँदैनन्, कहिलेकाहीँ आन्दोलनका असली पात्रहरू ओझेलमा परेका हुन्छन् । यो पुस्तकले त्यही वर्गको आवाज बुलन्द गरेको छ ।" उनले यस पुस्तकलाई वास्तविकतासँग जोड्न छोटो अडियो भिडियोमार्फत् सबै माझ पुऱ्याउनु पर्ने बताए ।

» बाँकी ३ पेजमा



दैनिक लुम्बिनी

## सम्पादकीय

# कुलमान बर्खास्तीले गर्माएको राजनीति

चार महिना कार्यकाल मात्र बाँकी छंदा नेपाल विद्युत् प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत कुलमान घिसिङलाई हटाएर उनको ठाउँमा हितेन्द्रदेव शाक्यलाई सरकारले नियुक्त गरेपछि समाज दुई ध्रुवमा विभाजित भएको छ भने नेपाली राजनीति एकाएक गर्माएको छ। कार्यकाल सकिएर घर जान लागेका कर्मचारीलाई हटाउनतिर सरकार लाग्न नहुने आवाज कांग्रेसभित्र उठिरहेकै थियो। कांग्रेस महामन्त्री गगन थापाले सार्वजनिक रुपमै यो धारणा राखेका थिए। तर सरकारले सत्ता साझेदार दलका पदाधिकारीको आग्रहलाई बेवास्ता गर्दै कुलमानलाई हटाएरै छाड्यो। यो निर्णयमा स्वयं सत्तारूढ दल नेपाली कांग्रेसकै पदाधिकारी र नेताहरुले विमति सार्वजनिक गरेका छन्। कांग्रेस प्रवक्ता डा.प्रकाशशरण महत, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा, नेता डा. शेखर कोइरालालगायतले कुलमानलाई बर्खास्त गरेकामा असहमति जनाएका छन्।

कांग्रेस महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले सरकार उल्टो बाटो हिँडेको टिप्पणी गरेका छन्। गृहमन्त्री रमेश लेखकले मन्त्रिपरिषद्मै पनि कुलमानलाई हटाउने निर्णयमा असहमति जनाएको चर्चा छ। कांग्रेसबाटै ऊर्जामन्त्री रहेका दीपक खड्का र परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाको जोडबलमा घिसिङलाई मन्त्रिपरिषद् बैठकले बर्खास्त गरेको बताइन्छ। यद्यपि प्रधानमन्त्री केपी शर्मा ओली पनि कूलमान हटाउने पक्षमा विगतदेखि नै थिए।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पनि सरकारको निर्णयप्रति तत्कालै आपत्ति नै जनाएर वक्तव्य दिएका छन्। जनताले चरम लोडसेडिङको मार खेपिरहेका बेला एउटा ऊर्जा विज्ञका रुपमा सरकारले कुलमान घिसिङलाई आफ्नै पालामा नियुक्त गरेको स्मरण गर्दै प्रचण्डले उनको विज्ञता र क्षमता अनि नेतृत्वको संयुक्त प्रयासबाट उज्यालो नेपाल निर्माण गर्न सफल भएको आम जनतामा स्थापित भएको उल्लेख गरेका छन्। प्रतिपक्षमै रहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले समेत लामो समयपछि फेसबुकमा लाइभ आउँदै सांकेतिक विरोध जनाएका छन्। सुरुमा बिजुली बत्ती भएको ठाउँमा आएका लामिछानेले त्यो निभाएर सलाई कोर्दै मैनबत्ती बाल्दै केही नबोली क्याप्सनमा कसलाई राख्ने, कस्लाई हटाउने भन्ने अन्तिम निर्णय त जनताले लिन्छन् भन्दै सांकेतिकरुपमा सरकारलाई चेतावनी दिएका छन्।

प्रतिपक्षी दल राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले कुलमानलाई हटाएर सरकारले असाध्यै गलत निर्णय गरेको बताएका छन्। जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले कुलमान घिसिङलाई नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट बर्खास्त गर्नुमा नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्र तीन दिलकै मिलेमतो हुन सक्ने आशंका गरेका छन्। राउतले मुलुकका लोकप्रिय मानिसलाई एकपछि अर्को गर्दै थान्को लगाइएको उल्लेख गर्दै यो तीन दलकै षड्यन्त्र त होइन भनी शंका गरेका हुन्। संवेदनशील भएर जानुपर्नेमा देशमा लोकप्रिय रहेका सबैमाथि एक/एक गरी हमला गर्दै नेपाली कांग्रेस, नेकपा एमाले र माओवादीले नै राजा ल्याउने गरी माहोल बनाउँदै षड्यन्त्र गरेका हुन् कि ? भन्ने राउतको आशंका छ। जनस्तरमा समेत सरकारको यो निर्णयको पक्षमा अति कम र विपक्षमा विरोधमा अत्यधिक जनमत देखिन्छ। सामाजिक सञ्जालमा सरकारको चर्को आलोचना भइरहेको छ।

यता कुलमानले सरकारको निर्णयविरुद्ध अदालत जाने बताएका छन्। प्रतिपक्षी दलहरूले यसलाई मुख्य मुद्दा बनाएर संसदमा कुरा उठाउने भनेका छन्। प्रमुख सत्तारूढ दलभित्रै विवादित बनेको विषयमा सरकारले लिएको यस निर्णयले राजनीति अझैं गर्माउने देखिएको छ। सरकारले आफू मातहतका कर्मचारीलाई सरुवा, बढुवा वा अक्षम्य गल्ती गरे बर्खास्त गर्न सक्छ। यसमा दुई मत छैन, तर कुलमानमाथिको कारबाही स्वभाविक, न्यायोचित र सही नभएको स्वयं सत्तारुढ दल, अधिकांश विपक्षी दल र आम नागरिकबाट धारणा आउनुले सरकारले बेमौसमको निर्णय गरेको पुष्टी हुन्छ। कुलमानले राज्यलाई हानी नोक्सानी गरेको तथ्य प्रमाण भए अरु कानुनी उपचार खोज्न सकिन्थ्यो र उनी ४ महिनापछि पदमुक्त भएपछि पनि कारबाही प्रकृयामा जान सकिन्थ्यो। तर सरकारले सत्तारुढ दल र जनभावनाको विपरीत कुलमानलाई हटाएर अनाहकमा द्वन्द्व निम्त्याएको छ।

# अर्थतन्त्र सुधार गर्न अधिनायकत्वको खोजी !?



डा. तिलक रावल

जनताले परिवर्तन खोजेका छन् भन्ने महसूस देउवा/ओलीलाई पनि भइसकेको हुनुपर्छ, किनकि यी दुईले संविधानमा आवश्यक परिवर्तन गर्ने कुरा महिनौं अगाडि गरिसकेका हुन्, गर्न नसक्नु अर्कै कुरा हो। शासकद्वयबाट भनिएको आर्थिक सुधार त हामीलाई सुनाउन मात्र भनिएको हो, सबैले बुझेका छन्। उमेर, शारीरिक स्थिति, सत्ता-अनुभवले समेत पाकिसकेका देउवा, ओली र प्रचण्डले शान्तिपूर्वक आफू पन्छिएर नेपाल र नेपालीका हितमा परिवर्तनको ढोका खोल्न अबेर भइसक्यो।

वर्तमान अर्थमन्त्रीले आफ्ना पूर्वजहरूले झैं अर्द्धवार्षिक समीक्षामा बजेट कटौति गरेपछि देशको आर्थिक अवस्था र सरकारले गरेको खर्च, आम्दानी व्यवस्थापनबारे केही लेख्नुपर्ने थियो। समय बित्दै जाँदा राजनीतिक विषयवस्तुले सबैको ध्यान आकर्षित गरेको पाइन्छ। सबैको चासो यस्ता विषयमै केन्द्रीत देखिन्छ, बजेटबारे नयाँ, नौलो प्रस्तुतियोग्य कुरा पनि के नै छ र! विगतमा झैं हालको देउवा-ओलीको सरकारले पनि अर्थतन्त्रलाई सुधारोन्मुख गराउन अहिलेसम्म सकेको छैन। विगतमा झैं विदेशबाट नेपाली नर-नारीले पठाएको विप्रेषणले अर्थतन्त्रलाई भरथेग गरिराखेको छ र विगतदेखि नै बाहय क्षेत्र (भुक्तानी सन्तुलन, चालू खाता, विदेशी मुद्राको संचिति) मा देखिएको सुधार पनि यसैका कारण हो।

माओवादीका वर्षमान पुनले तयार गरेको बजेट कार्यान्वयन गरिराखेका एमालेमन्त्री विष्णु पौडेलले अपेक्षित नतिजा प्राप्त गर्न सकेका छैनन् र प्राप्त हुने सङ्केत पनि छैन। चालू आर्थिक वर्ष (आव) को ८ महिना बित्दा राजस्व संकलन लक्ष्यको आधा मात्र हुन गएको छ भने फागुनको अन्त्यसम्म पूँजीगत खर्च लक्ष्यको २३.२१ प्रतिशत मात्र रहेको छ। यो गत आवको सोही अवधिमा हासिल भएको प्रगतिभन्दा कम हो।

विगत दश वर्षमा यो खर्च लक्ष्यको ७०-७५ प्रतिशत भन्दा बढी देखिन्न। न्यून आर्थिक वृद्धि दर, निराशाजनक पूँजीगत खर्च, उच्च व्यापार घाटा, बजेटमा विकासखर्च भन्दा ज्यादा ऋण तिर्न रकम छुट्याउनुपर्ने बाध्यता देशले ब्यहोर्दै आएको छ र यो क्रम रोकिने कुनै सङ्केत देखिन्न। वास्तवमा पुनले आफ्नो बजेट कार्यान्वयन गर्न पाएको भए राम्रो हुन्थ्यो भन्न मिल्दैन भने पौडेलले आफूले तर्जुमा गरेको बजेट भए राम्रो हुन्थ्यो भन्न पनि मिल्दैन। देउवा, ओली र प्रचण्ड जस्तै यी दुई मन्त्रीको परीक्षण पनि नभएको होइन।

सहायता कटौती गर्ने अमेरिकी राष्ट्रपति ट्रम्पको नीति र अमेरिकी सहयोग नेपालमा दुरुपयोग हुने गरेको ट्रम्पको प्रष्टोक्तिले बजेट तर्जुमाको कार्य आरम्भ गर्नुभएका अर्थमन्त्रीको कठिन स्थितिको सजिलै आँकलन गर्न सकिन्छ। राजनीतिक अस्थिरताले अझ उग्र रूप लिने सङ्केत देखिन थालेका छन्। मन्त्री पौडेलजीलाई पनि संशोधित लक्ष्य (खर्च/आम्दानीको कटौती भएको) भेटाउन पनि साह्रै मुस्किल हुने देखिन्छ। राष्ट्रपति ट्रम्पका निर्णयले विश्वलाई नै तरङ्गित बनाएको छ। बेलायत आफ्नो सुरक्षा खर्च चाँडै गार्हस्थ उत्पादनको २.५ प्रतिशत पुर्‍याउने निर्णयमा पुगिसकेको छ भने युरोपियन युनियनले ८०० अर्ब डलरको सुरक्षा योजना सार्वजनिक गर्दैछ। यी राष्ट्रहरू सुरक्षाका लागि अमेरिकामा बढी निर्भर हुन चाहँदैनन् र नेटो जस्ता सैनिक गठबन्धनमा पनि यी देशलाई खर्च बढाउन दबाब राष्ट्रपति ट्रम्पले दिइराखेका छन्। यस्तो अवस्थामा दाता मुलुकले खर्चै गर्न नसक्ने देश नेपाललाई प्रदान गर्ने सहायता रकम कटौती गर्न दुई पटक सोच्दैनन् होला। भारत र चीनले कति भरथेग गर्ने हुन् ? करिव-करिव व्यापार-युद्धमा होमिइसकेका अमेरिका, चीन र अन्य राष्ट्रले स्थितिलाई अझ गम्भीर बनाउँदै छन्। हाम्रा आफ्नै समस्या त छँदैछन्, खासगरी राजनीतिक अस्थिरता जुन अझ गम्भीर बन्दैछ।

फागुन ७ गतेको राजा ज्ञानेन्द्रको सन्देशमा देशको बिग्रँदो स्थितिप्रति गम्भीर चिन्ता पाइयो भने यो विषम परिस्थितिमा आफूलाई साथ दिन राजाबाट आह्वान पनि भएको छ। देशको स्थितिप्रति सर्वसाधारणले समेत आ-आफ्ना किसिमले चिन्ता व्यक्त गरेको घडीमा अनेक परिपञ्चबाट कुनामा थन्क्याइएका राजाबाट चिन्ता व्यक्त हुनु पटक्कै असान्दर्भिक होइन। पटक-पटक ‘राजा आउ देश बचाउ’ भन्ने जनताको आवाज सुनेको छु भन्ने अनुभूत नेपालीलाई उक्त सन्देशले गराउन खोजेको छ। यो आवश्यक पनि थियो जस्तो लाग्छ। पोखराबाट काठमाडौं फिर्तिका बेला राजाको स्वागतका लागि उर्लेको मानवसागरले राजावादीलाई हौस्याएको छ भने स्थितिचाहिँ अझ तरल बनेको छ। राष्ट्रिय प्रजातन्त्र पार्टी (रा.प्र.पा.)का अध्यक्षको सक्रियताले यसबाट रा.प्र.पा.ले केही राजनीतिक पूँजी निर्माण नगरेको होइन, तर नजरअन्दाज गर्न नमिल्ने कुरा के हो भने कुनै दलसँग केही सम्बन्ध नभएका र दलसँग आवद्ध हुँदाहुँदै परिवर्तनको चाहना राख्ने नर-नारीको पनि ठुलो उपस्थिति थियो त्यहाँ, खासगरी युवाहरूको। यो भेलापश्चात् यो देशका शीर्ष शासकहरूका साथै तिनका भक्तहरू साह्रै सल्बलाएका छन्, सक्रिय भएका छन्।

साँच्चै संसददेखि सडकसम्म जुहारी चलेको देखिन्छ/सुनिन्छ। परिवर्तनका पक्षधरहरू देशमा भ्रष्टाचार मौलाएको, जनजीविकाका सवालमा शासकहरूले ध्यान नदिँदा आम नेपालीको जीवन थप कष्टप्रद बनेको कुरा राख्दै राजसंस्थाको पुनःस्थापनाका कुरा गर्छन् भने शासक वर्ग र सम्बन्धित जमात देशमा सडक पिच भएको, गार्हस्थ उत्पादन बढेको आदि कुरा राख्दै गणतन्त्र कायम रहनुपर्ने तर्क गर्छन्। केही गणतन्त्रको ठेक्का लिएकाहरू राजाविरुद्ध अनावश्यक फोहर बोलेर आफ्नो वाकपटुताको दुरुपयोग गरिराखेका छन्। परिवर्तनका पक्ष र विपक्षमा सभा, जुलुस जारी रहने निश्चितप्रायः छ, जसको चर्को मुल्य निरीह जनता र नेपालको अर्थतन्त्रले ब्यहोर्ने छ। परिवर्तनका पक्ष र विपक्षमा रहेका आदरणीयहरू समक्ष केही तथ्य-तथ्याङ्कसहित आफ्ना साधारण सोच, विचार राख्न चाहन्छु।

काङ्ग्रेस, एमाले नेताहरू आफ्नो शासनकालमा गार्हस्थ उत्पादन, प्रतिव्यक्ति आय आदिमा भएको वृद्धिका कुरा गर्छन् जुन अस्वाभाविक होइन, तर उहाँहरूले यो पनि बिर्सिनु हुँदैन कि सोही अवधिमा अरू देश (भारत, चीन, दक्षिण कोरिया)ले कत्रो छलाङ मारे। थोरबहुत काम त अफगानिस्तानमा पनि भयो, सुडान र सिरियामा पनि केही बाटो खनियो होला, तर राजनीतिले कुन खाडलमा पार्‍यो यी देशलाई ! कहिले रुसी त कहिले अमेरिकी सेनालाई त्यहाँका जनताले निम्ता गरेका हुन् ? आर्थिक अवस्थाको कुरा गर्दा नभुलौं कि ५० वर्षमा हाम्रो निर्यातबाट प्राप्त रकमले नेपालको वार्षिक आयातको ६० प्रतिशत भुक्तानी गर्न सक्थ्यो भने यो अवधिमा आयात यति चुलियो र निर्यात यति तल झर्‍यो कि निर्यातबाट रकम आयातमा खर्चिने रकमको १० प्रतिशतभन्दा कम रहेको छ। संसारका बलिया मुद्राहरूको तुलनामा नेपाली रूपयाँ धेरै अवमूल्यन भएको छ, जसले व्यापारघाटा बढाउनमा मात्र नभइ विदेशी ऋण दायित्व वृद्धिमा समेत योगदान पुर्‍याएको छ। गत असारको तुलनामा अवमूल्यनले यो फागुनसम्म ऋण दायित्व र ६६ अर्ब २९ करोडले बढेको उपलब्ध तथ्याङ्कले देखाएका छन्। रमाउनेहरूलाई त भटमास तेल आदिको हालैका निर्यात (पूर्णतया आयातमा आधारित) को वृद्धिले पनि मौका दिएकै छ। अलिकता खुशीको कुरा के छ भने प्रधानमन्त्री ओलीले पनि यो डलर तिरेर गरिएको आयातमा आधारित निर्यातलाई अर्थहीन भन्नुभएको छ।

नेताज्यूहरूले मान्नुपर्‍यो कि अर्थतन्त्रको हालत राम्रो छैन, तर दोष एक/दुई सरकार वा पक्षलाई नदिऔं। लामो समयदेखि अर्थतन्त्र बिमार छ। विगत ४० वर्षमा हाम्रो वृद्धिदर औषतमा ४ प्रतिशत रहयो भने नजिकका अन्य राष्ट्रको स्थिति पनि हामी नबिर्सौं। चीनले करोडौं नागरिकलाई कहालीलाग्दो गरिवीबाट बाहिर निकालिसकेको छ भने भारत विश्वस्तरीय राजनीतिक मात्र होइन आर्थिक शक्तिको रूपमा पनि उदीयमान भएको छ। विश्वका ठूला अर्थतन्त्रहरूमा भारतको आर्थिक वृद्धि दर वर्तमानमा सबभन्दा उच्च छ। भिन्दाभिन्दै राजनीतिक व्यवस्था भएपनि भारत र चीन आफ्ना नागरिकलाई समग्रमा खुशी राख्न सफल भएका छन्, आर्थिक विकासको कामलाई अभियानका रूपमा अघिसारेर मात्र होइन यसको सफलिभूत कार्यान्वयनसमेत गरेर। नेपालीहरूलाई भने कहिले माओवादी द्वन्द्व, कहिले बाढी, भूकम्प, नाकाबन्दी, विभिन्नखाले आन्दोलन, कोभिड आदिमा उल्झेका नेताहरूले राहत दिन सकेका छैनन्। हालको बेथितिभन्दा पञ्चायतको थिति ठीक भन्नेले सहजै भन्न सक्छ– ‘उहिले विभिन्न देशमा नेपाली चामल बिक्री हुन्थ्यो भने हालका दिनमा वर्षेनी करिव रू. ५० अर्बको धान-चामल विदेशबाट किनिन्छ।’ अर्थतन्त्र लामो समयदेखि बिमार छ र यसको सम्पूर्ण जिम्मा देउवा, ओली र प्रचण्डलाई मात्र पनि नदिउँ।

जे-जसो भएपनि बहुदलीय प्रजातन्त्रको विकल्प नेपालीले खोजेका होइनन् र डा. तुलसी गिरी जस्ता ‘राजतन्त्र र प्रजातन्त्र सङ्गै जान सक्दैन’ भन्ने ब्यक्ति पनि परलोक भइसके। गणतन्त्र र लुटतन्त्र भने पर्यायवाची भइसकेको छ र राजालाई अभिभावकीय भूमिकामा राख्दा लुटतन्त्रमा केही कमी आउँथ्यो कि भन्ने आशा नेपालीमा पलाएको छ। शासकहरू र परिवारजन नै यी दूषित कार्यमा चुर्लुम्म डुबेका बेला जनताले अरु कसलाई सम्झने त ?

ठूलाबडाका सन्तानहरूको साँठगाँठ तस्करहरूसँग रहेको वास्तविकता सार्वजनिक भइसकेका छन् भने देश हाँकिरहेकाहरूका जहानको सुपारी, मरिच आदिको राष्ट्रलाई अनावश्यक आयात र यिनको तस्करीमा संलग्नताबारे पटक-पटक समाचार सम्प्रेषित भएकै छन्। ‘हामीले जे गरे पनि हुन्छ’ भन्ने मानिसकताका साथ अघिबढेका देउवा, ओली, प्रचण्डलाई यस्ता कुराले नछुनु अर्कै कुरा हो, जनता भने वाक्क-दिक्क भएका छन् र परिवर्तनका लागि आतुर छन्। यत्रो वर्ष शालिन भएर बसेका राजाले स्थान पाउनुपर्छ भन्ने विचार धेरैमा देखिन्छ, तर सक्रिय राजतन्त्रका पक्षमा भने कमै होलान्।

राजेन्द्र लिङ्देन, केशर बिष्ट, धवल शम्शेर, कमल थापा, रविन्द्र मिश्र आदि पनि सक्रिय राजतन्त्रको वकालत गरिराखेका छैनन् जस्तो लाग्छ। देशमा रहेको भ्रष्टाचार (लुट) र आर्थिक दुर्दशा हेर्दा भ्रष्टाचारमाथि निर्मम प्रहार गर्ने, लिकबाट उत्रेको अर्थतन्त्रलाई ठिक स्थानमा राख्न सक्ने इमान्दार अधिनायकलाई पनि दुई/तीन वर्ष साथ दिन सक्ने मनस्थितिमा धेरै नेपाली रहेको बुझिन्छ। यस्तो व्यक्ति राजा ज्ञानेन्द्रदेखि वा न्यायक्षेत्र, निजामती सेवा, सेना, प्रहरी, राजनीतिमा कार्यरत वा अवकाशप्राप्त राम्रो छवि भएका, समाजले पत्याएका कुनै नर-नारी हुन सक्छन्। साँच्चै देशलाई अन्तरिम सरकारको खाँचो छ, यसले जनताले अनुभूत गर्नेगरी भ्रष्टचारीमाथि (ठूला काण्डबाट आरम्भ गर्दै) निर्मम प्रहार गर्दै अर्थतन्त्रलाई सुधार्ने काम तत्काल आरम्भ गर्ने र संविधानमा आवश्यक परिवर्तन गरेर चुनावबाट आएका प्रतिनिधिलाई सत्ता सुम्पिने काम पूर्वनिर्धारित समय-सीमामा गरिसक्नुपर्नेछ। यस्तो प्रकारको व्यवस्थामा बारम्बार परीक्षण भइसकेका नेताहरू र तिनका कुत असुल्ने आठपहरियाहरूले स्थान पाउनु हुँदैन।

जनताले परिवर्तन खोजेका छन् भन्ने महसूस देउवा/ओलीलाई पनि भइसकेको हुनुपर्छ, किनकि यी दुईले संविधानमा आवश्यक परिवर्तन गर्ने कुरा महिनौं अगाडि गरिसकेका हुन्, गर्न नसक्नु अर्कै कुरा हो। शासकद्वयबाट भनिएको आर्थिक सुधार त हामीलाई सुनाउन मात्र भनिएको हो, सबैले बुझेका छन्। उमेर, शारीरिक स्थिति, सत्ता-अनुभवले समेत पाकिसकेका देउवा, ओली र प्रचण्डले शान्तिपूर्वक आफू पन्छिएर नेपाल र नेपालीका हितमा परिवर्तनको ढोका खोल्न अबेर भइसक्यो। भ्रष्टाचारलाई प्रहार गर्दै देशको अर्थतन्त्रको काँचुली फेर्ने क्षमता र नैतिकता भएका व्यक्तिहरूको खाँचो छ देशलाई, शासकले बुझून्। जय पशुपतिनाथ !

घटना र विचारबाट

# घरमै डाक्टर : बच्चाको मिर्गौला रोग कसरी थाहा पाउने ?

डा. विवेक तोदी

मिर्गौला रोग भन्ने बित्तिकै आमरुपमा युवा तथा वृद्धवृद्धालाई मात्र लाग्ने रोग भनेर बुझ्ने गरिन्छ। तर, कलिला बालबालिकालाई पनि मिर्गौलाका धेरै रोगले सताएको हुन्छ। कलिलै उमेरमा मिर्गौला फेल भएर कति बालबालिकाले अकालमा ज्यान गुमाउनु परिरहेको छ। सामान्य समस्यालाई समयमा नै उपचार नगर्दा मिर्गौलाका जटिल समस्या भोग्ने बालबालिका धेरै छन्।

मिर्गौलाको रोग भनेको ‘साइलेन्ट’ रोग हो। यसका लक्षण हत्तपत्त देखिँदैन। तर, जब देखिन्छ त्यो बेला ढिला भइसकेको हुन सक्छ। बालबालिकाहरुमा पटक-पटक पिसाबको संक्रमण देखिन्छ भने त्यो मिर्गौलाको समस्या हो भनेर बुझ्नुपर्छ। त्यसको समयमै उचित उपचार गराउनुपर्ने हुन्छ। बच्चामा पिसाबको संक्रमण विभिन्न कारण ले हुन सक्छ। सामान्यतया बालिकाको तुलनामा बालकलाई पिसाबको संक्रमण कम हुन्छ। तर बालकमा पिसाबको संक्रमण देखियो भने त्यसले मिर्गौलामा समस्या निम्त्याएको हुन सक्छ।

बालकहरुलाई मिर्गौलाको बनावटमा फरक, पिसाब थैली, पिसाब नलीमा समस्या, पिसाब फर्ने बाटोका छाला पूरा नफर्किंदा, कब्जियत तथा लामो समयसम्म पिसाब रोक्ने बानीका कारण संक्रमण देखिन्छ। यस्ता समस्या देखिए तुरुन्तै उपचारमा जानुपर्छ।

यस्तै, बालिकाहरुमा भने मुत्रद्वार र गुद्वारको सरसफाइ नहुँदा संक्रमण हुने गर्छ। बालिकाहरुलाई अभिभावकले पानीले दिसा सफा गर्दा पछाडिबाट अगाडि हात ल्याएर धुनु हुँदैन। यसो गर्दा पिसाबको संक्रमण हुने खतरा रहन्छ। यसका साथै मिर्गौलाको बनावट, पिसाब नली, पिसाब थैलीको समस्याले पनि बालिकाहरुमा संक्रमण देखिन्छ।

बालबालिकामा पिसाबको संक्रमण पटक-पटक देखिए पनि एन्टिबायोटिक वा अन्य सामान्य उपचार गरेर क्षणिक रुपमा निको पार्ने गरिन्छ। तर, उक्त संक्रमण किन दोहोरिरहेको छ ? भनेर थप जाँच गरिँदैन। फलस्वरुप कालान्तरमा त्यसले मिर्गौलामा गम्भीर असर गर्ने खतरा रहन्छ। यस्ता समस्यालाई सामान्य ठानेर चुप लागेर बस्नु भनेको हाम्रा नानीबाबुहरुलाई मिर्गौला रोगको गम्भीर अवस्थामा धकेल्नु हो।

बच्चाहरुमा देखिने अर्को समस्या ‘नेफ्रोटिक सिन्ड्रोम’ हो। पिसाबबाट प्रोटिन निस्कने समस्यालाई नेफ्रोटिक सिन्ड्रोम भनिन्छ। धेरैजसोमा यो समस्या वंशाणुगत हुन्छ। पिसाबमा प्रोटिन जाने समस्या सामान्यदेखि जटिलसम्म हुन्छ। केहीमा सामान्य औषधि चलाउँदा निको हुने खालको हुन्छ भने केहीमा पटक-पटक समस्या दोहोरिरहने, औषधिले पनि काम नगर्ने हुन सक्छ। औषधिले काम गरेको छैन भने त्यस्ता बच्चालाई मिर्गौलाको बायोप्सी गरी थप परीक्षणमार्फत् उपचार प्रक्रिया अगाडि बढाइन्छ। किनभने समयमा नै प्रोटिन जाने समस्या रोकिएन भने त्यसले भित्रभित्रै मिर्गौला पूरै बिगारिसकेको हुन्छ।

बच्चाको पिसाबबाट प्रोटिन गएको छ भने उक्त बच्चा विस्तारै सुन्निँदै गइरहेको हुन्छ। पिसाबमा धेरै फिँज आउने, पिसाब कम लाग्ने जस्ता लक्षण देखिन्छन्। यस्तो समस्या आउनेबित्तिकै अभिभावकले बालबालिकालाई अस्पताल ल्याउनुपर्छ। यो समस्यामा धेरै बालबालिकालाई औषधिले नै काम गर्छ। तर, औषधि खाएको केही समयपछि पुनः दोहोरिन्छ भने मिर्गौलाको अवस्था हेरेर थप उपचार गर्नुपर्ने हुन्छ।

बालबालिकामा कहिलेकाहीँ पिसाबमा रगत देखिने समस्या पनि आउँछ। यस्तो समस्या आएमा सोझै विशेषज्ञ डाक्टरलाई देखाउनुपर्ने हुन्छ। पिसाबमा रगत देखिने धेरै कारण हुन सक्छन्। तीमध्ये एउटा ‘ग्लोमेरुलनेफ्राइटिस’ हो। यो भनेको नै पिसाबमा रगत जाने समस्या हो। यस्तो कहिलेकाहीँ सामान्य संक्रमणबाट पनि भएको हुन सक्छ भने केहीमा मिर्गौला तथा पिसाब नलीको ठूलो समस्याका कारण हुन सक्छ। संक्रमण बाहेक रोगप्रतिरोधात्मक क्षमतामा असर हुँदा पनि यो समस्याले बालबालिकालाई पिरोल्छ।

बालबालिकाको घाँटी तथा छालामा संक्रमण देखिएको छ भने पनि त्यसको कारणले मिर्गौलामा असर पार्ने हुन सक्छ। संक्रमण भएको दुई-तीन हप्तामा मिर्गौलामा असर पुग्ने यस्तो समस्यालाई पोस्ट स्टेप्टोकल ग्लुमेरुलनेफ्राइटिस’ भनिन्छ। यो समस्यामा बच्चाको पिसाबबाट प्रोटिन निस्कने, रगत आउने, रक्तचाप बढ्ने, पिसाब कम हुनेजस्ता लक्षण देखिन्छ।

उमेर पुगिसकेका बालबालिकाहरुमा ओछ्यानमा पिसाब गर्ने बानी छ भने त्यो पनि मिर्गौलाको समस्या हुन सक्छ। सामान्यतया बालबालिका तीन-चार वर्षको हुँदा ओछ्यानमा पिसाब फेर्ने समस्या रोकिने गर्छ। तर कुनै बच्चा ८-१० वर्षसम्म पनि ओछ्यानमा पिसाब गर्छ भने त्यो समस्या हो। यसलाई ‘एनोरोसिस’ भनिन्छ। आम मानिसमा उमेर बढ्दै गएपछि यो समस्या ठिक हुन्छ भन्ने सोच छ। तर, नियन्त्रण भएन भने त्यसले भित्र मिर्गौला बिगार्ने खतरा हुन्छ भन्ने धेरैलाई पत्तो छैन। यस्तो समस्या सामान्य संक्रमण, पिसाब थैलीमा समस्या, कब्जियतजस्ता कारणले निम्तिएको हुन सक्छ। पहिला त्यसलाई पहिचान गरेर उपचार गर्नुपर्ने हुन्छ। समयमा उपचार गरिएन भने यो समस्या भएका धेरै बच्चाको पछि मिर्गौला फेल हुने खतरा रहन्छ। साथै बच्चालाई मानसिक समस्या पनि थपिन सक्छ।

बालबालिकाहरुमा जन्मजात मिर्गौलाको समस्या पनि आउने हुन्छ। कतिपयमा जन्मदा नै मिर्गौला अन्यत्र स्थानमा हुने, एउटा मात्र हुने, नली सुन्निने, पिसाब थैलीमा समस्या हुने पनि हुन्छ। केही बालबालिकामा भने जन्मेको केही समयपछि पत्थरी हुने र मिर्गौला बिग्रने समस्या पनि देखिएको छ। यस्ता समस्याको समयमै पहिचान गरी उपचारमा जानुपर्ने हुन्छ।

स्वास्थ्य खबरबाट

# बजेटका लागि सुझाव संकलन

भैरहवा । सिद्धार्थ उद्योग वाणिज्य संघ, रूपन्देहीले आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट निर्माणमा सरकारलाई दिनुपर्ने सल्लाह-सुझावका विषयमा अन्तर्क्रिया तथा छलफल गरेको छ । संघको सभाहलमा संघका पदाधिकारी, सल्लाहकार, परामर्शदाता, वस्तुगत समितिका सदस्यहरू र विज्ञहरुबाट उद्योगी-व्यवसायीका समस्या समाधान गर्नका लागि सल्लाह-सुझाव संकलन गरिएको हो । कार्यक्रममा संघका अध्यक्ष नेत्रप्रसाद आचार्यले आर्थिक वर्ष २०८२/०८३ को बजेटमा व्यवसायीका समस्या समाधानका लागि उद्योगी-व्यवसायी र विज्ञबाट प्राप्त लिखित र मौखिक सुझाव सरकारलाई हस्तान्तरण गर्ने बताए ।

कार्यक्रममा पुस्तक व्यवसायी विष्णु मरासिनीले करको दर नभइ दायरा बढाउनुपर्नेमा जोड दिए । लुम्बिनी बौद्धविश्वविद्यालय भैरहवाका संयोजक मनोजकुमार रिजालले करमा सहुलियत लिनका लागि नीतिगत रूपमा परिवर्तन गर्न जरूरी रहेको बताए । उनले बुटवल-नारायणगणगढ सडक यथाशिघ्र निर्माणसम्पन्न गर्न सरकारलाई दबाब दिन आग्रह गरे । भैरहवामा स्वरोजगारका लागि सीपमूलक तालिमको व्यवस्था, यहाँका उद्योग तथा व्यवसायी संघ-संस्थालाई आवश्यकता अनुसार चाहिने जनशक्ति उत्पादनमा उद्योग वाणिज्य संघले पहल गर्नुपर्ने सुझाव दिए । होटल व्यवसायी महासंघ, नेपालका उप-महासचिव राजेश महोत्राले पर्यटन क्षेत्रको विकासका लागि लगानीमैत्री वातावरण बनाउन जरूरी रहेको बताए । उनले पर्यटकका लागि भन्सारमा एकीकृत जाँचपासको व्यवस्था, निजी क्षेत्रसहितको पर्यटन प्राधिकरण स्थापना, ईको पर्यटनमा सरकारले सहुलियत दिनुपर्ने बताए । सिद्धार्थनगर सिटी हस्पिटल प्रा.लि.का प्रबन्ध निर्देशक अर्जुन पौडेलले भन्सारले अव्यवहारिक कर लगाउने गरेको भन्दै यसमा सहजीकरण गर्न आग्रह गरे । मेडिकल क्षेत्रमा पनि राज्यले सहुलियत दिनुपर्ने उनले बताए ।

कृषि व्यवसायी बासु बराललले भन्सारले कृषिमा १ प्रतिशतबाट बढाएर १० प्रतिशतसम्म पुऱ्याएको भन्दै यो दर घटाउनका लागि पहल गर्न आग्रह गरे । लुम्बिनी इट्टा उद्योग व्यवसायी संघ, रुपन्देहीका अध्यक्ष अजयकुमार गुप्ताले इट्टा बजारीकरण नहुँदा समस्या भएको बताए । मुलुकमा भ्रष्टाचार बढ्दा देशमा समस्या आएका उनको धारणा थियो । उनले सिद्धार्थ उद्योग वाणिज्य संघले व्यवसायीको पक्षमा काम गर्नेलाई सम्मान गर्न आग्रह गरे ।

सिउवा संघका कार्यसमिति सदस्य गंगासागर अग्रहरिले मर्चवार क्षेत्र खाद्यान्नको भण्डार रहेकाले यहाँ कृषि उत्पादनको सहज बजारीकरण जरूरी रहेको बताए । वरिष्ठ इन्जिनियर शैलेन्द्रप्रसाद श्रेष्ठले निर्माण व्यवसायीले भुक्तानी नपाउँदा समस्या भएको बताए । उनले सन्तुलित बजेट बनाउनका लागि राज्यलाई सुझाव दिन आग्रह गरे । उद्योगी चन्द्रमान श्रेष्ठले अग्रीम कर हटाउन आग्रह गरे । उनले नेपालमा कानूनी झमेलाले गर्दा उद्योग-व्यवसाय सञ्चालनमा समस्या आएको बताए । व्यवसायी पशुपति कान्दुले बढ्दो अन्तःशुल्कले व्यवसाय गर्न समस्या भएको बताए ।

पञ्चकन्या समूहका उप-महाप्रबन्धक देवेन्द्र साहूले स्पन्ज आइरन तथा छड उद्योगका लागि राज्यको विभेदकारी नीति रहेको बताए । प्लाष्टिक उद्योगमा भन्सार महसुल बढ्दो रहेकाले यसमा कम गर्न पहल गरिदिन साहूले आग्रह गरे । उनले विशेष आर्थिक (सेज) मा सञ्चालन रहेका उद्योगहरूलाई थप व्यवस्थित गर्न सरकारले ध्यान दिनुपर्ने बताए । बजेट निर्माणका विषयमा गरिएको छलफल तथा अन्तर्क्रिया कार्यक्रममा दुई दर्जन बढी उद्योगी-व्यवसायीले सुझाव राखेका थिए ।

## भुइँमान्छे...

कार्यक्रममा समीक्षक इन्दिरा अर्यालले पुस्तकभित्र उल्लेख गरिएका भूमिगत महिलाहरूको संघर्षलाई विशेष रूपमा उजागर गरिन् । उनले भनिन्-"तत्कालीन भूमिगत आन्दोलनमा महिलाहरूले पुऱ्याएको योगदानलाई नेतृत्वले सधैं उपेक्षा गऱ्यो । उनीहरू घर छोडेर, परिवारलाई जोखिममा पारेर आन्दोलनमा होमिए। तर, जब सत्ता परिवर्तन भयो, तिनै महिलाहरू भुले । यो पुस्तकले तिनै महिलाहरूको योगदानको पुनर्मूल्याङ्कन गर्न मद्दत गर्नेछ ।"

पुराना कम्युनिस्ट नेता देवेन्द्र घिमिरेले इतिहास नबुझी भविष्य सुरक्षित गर्न नसकिने उल्लेख गर्दै 'आजको पुस्ताले बुझ्नुपर्छ, पार्टी निर्माण कसरी भयो ? कुन वर्गको त्यागका कारण आन्दोलन सम्भव भयो? इतिहास बुझ्न नसक्ने पार्टीले भविष्य निर्माण गर्न सक्दैन ।'-उनले भने ।

लेखक डा. बिन्दा पाण्डेले 'आश्रय, सुरक्षा र सम्पर्कका सारथि भुइँमान्छे' पुस्तक ०२८ सालको झापा विद्रोहदेखि ०४६ सालसम्मको कम्युनिस्ट आन्दोलनमा तल्लो तहका कार्यकर्ताहरूको भूमिकालाई समेटेर लेखिएको बताइन् । उनले भनिन्-"हिजो पार्टीलाई जोगाउन हजारौं जनताले आफ्नो ज्यान जोखिममा राखे, भूमिगत नेताहरूलाई आश्रय दिए, खाना खुवाए, सुरक्षाको प्रत्याभूति गरे । तर, जब सत्तामा पुगियो, तिनै आधारस्तम्भ बनेका कार्यकर्ताहरूलाई बिर्सिए ।"

पुस्तकमा पार्टीको संरचना कसरी परिवर्तन हुँदै गयो, 'कोअर्डिनेसन केन्द्र' देखि माले हुँदै नेकपा (एमाले) सम्मको यात्रा कस्तो रह्यो, कसरी तल्लो तहका कार्यकर्ताहरूको त्यागले आन्दोलनलाई अघि बढायो, तर पछि तिनै कार्यकर्ताहरूलाई कसरी ओझेलमा पारियो भन्ने कुराहरू गहिरो रूपमा उल्लेख छन् ।

पत्रकार महिलाहरूको संस्था संचारिका समूहद्वारा आयोजित कार्यक्रममा लेखक, विश्लेषक, साहित्यकार, पत्रकार, सामाजिक अभियन्ता तथा राजनीतिकर्मीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । कार्यक्रममा संचारिका समूहकी अध्यक्ष अमृता अनमोलले पुस्तक समीक्षा गर्न सहयोग पुऱ्याउने सबैप्रति आभार व्यक्त गरिन् । उनले भनिन्-"हिजो क्रान्तिका लागि लड्नेहरू आज बिर्सन मिल्दैन । पुस्ताले सही इतिहास पढ्नुपर्छ । यही उद्देश्यले हामीले यो समीक्षा कार्यक्रम आयोजना गरेका हौं ।"

सहभागीहरूले पुस्तकलाई नेपाली कम्युनिस्ट आन्दोलनका अदृश्य नायकहरूको दस्तावेजको रूपमा लिँदै हरेक राजनीतिक विद्यार्थी, इतिहासविद्, कार्यकर्ता र जनसाधारणले पढ्नुपर्ने पुस्तक भएको निष्कर्ष निकालेका थिए ।

# पीएम कप क्रिकेटः पुलिस फाइनलमा

भैरहवा । नेपाल पुलिस क्लब जारी प्रधानमन्त्री कप पुरुष एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताको फाइनल प्रवेश गरेको छ । पुलिसले मंगलबार कर्णाली प्रदेशलाई ४४ रनले पराजित गर्दै फाइनल यात्रा पक्का गरेको हो । स्पिनर ललितनारायण राजवंशीको कीर्तिमानी बलिङमा पुलिसले लगातार आठौं जित हासिल गर्दै फाइनल पुगेको हो । दाङको लमहीस्थित देउखुरी अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको पुलिसले ४८ ओभरमा अलआउट हुँदै १ सय ४७ रन बनाएको थियो । पुलिसका लागि अर्जुन साउद, दीलिप नाथ, सागर ढकाल बाहेक कुनै पनि ब्याटर चलेनन् । ओपनर अर्जुनले ६० बलमा ४ चौका र १ छक्काका साथ ३६ रन बनाए । ५९ बल खेलेका दीलिपले २ चौकासहित ३४ रन बनाए । सागर २८ बलमा १ चौकासहित २२ रनमा नटआउट रहे । श्रवण यादवले ११ रन बनाए भने अन्य कुनै पनि ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । अर्का ओपनर कुशल भुर्तेलले १ रन जोडे भने कप्तान दीपेन्द्रसिंह ऐरीले खाता समेत खोल्न सकेनन् ।कर्णालीका अनुज चनारा र दिवान पुनले किफायती बलिङ गरे । अनुजले १० ओभरमा २ मेडन राखेर २९ खर्चंदै ४ विकेट लिए । दिवानले १० ओभरमा १ मेडनसहित २१ रन खर्चेर ३ विकेट लिए । दीनेश अधिकारी, दीपेन्द्र राउत र सुनिल धमलाले समान १-१ विकेट लिए । १ सय ४८ रनको लक्ष्य पछ्याएको कर्णाली २४ ओभरमा १ सय ३ रनमा समेटियो । कर्णालीका लागि ओपनर रवीन्द्रजंग शाहीले ३२ बलमा ७ चौथो र २ छक्कासहित सर्वाधिक ४९ रन जोडे । मध्यक्रमका ब्याटर अर्जुन घर्तीले ४२ बलमा ३ चौका र १ छक्काको सहयोगमा ३० रन बनाए । कर्णालीका ३ ब्याटरले रनको खाता नै खोल्न सकेनन् ।

कर्णालीको इनिङ धराशायी बनाउने क्रममा ललितले ९ ओभरमा ४१ रन खर्चिएर ६ विकेट लिए । यसका साथै ललित पिएम कपको इतिहासमा १ सय विकेट पूरा गर्ने पहिलो बलर समेत बनेका छन् । सन् २०१७ बाट पिएम सुरु भएयता ललितले ४० इनिङमा यो सफलता प्राप्त गरेका हुन् । पिएम कपमा मंगलवार कर्णाली प्रदेशविरुद्ध १६औं ओभरको अन्तिम बलमा कप्तान दिवान पुनको विकेट लिँदै उनले सयौं विकेट पूरा गरेका हुन् । पिएम कपको इतिहासमा त्रिभुवन आर्मी क्लबका शाहब आलम ९९ विकेटका साथ दोस्रो स्थानमा छन् । सुदूरपश्चिम प्रदेशका शेर मल्ल ६९ विकेटका साथ तेस्रो स्थानमा छन् ।

ललित जारी पिएम कपमा पनि सर्वाधिक विकेट लिने खेलाडीको शीर्ष स्थानमा छन् । उनले ८ खेलमा ३६ विकेट लिइसकेका छन् । यस्तै, सागर ढकालले २ तथा करण केसीले १ विकेट लिए । अपराजित पुलिस १६ अंकसहित फाइनलमा पुगेको छ । पुलिस लिग चरणको अन्तिम खेल बिहीबार १४ अंकसहित दोस्रो स्थानको त्रिभुवन आर्मी क्लबसँग खेल्नेछ । ८ खेलमा एपीएफ १२ अंकसहित तेस्रो स्थानमा छ । पुलिस फाइनल पुग्ने पहिलो टोली बनेको छ । आर्मी र एपीएफमध्ये एक टोली फाइनलमा पुग्नेछ । कर्णालीले ९ खेलमा ४ जित र ५ हार सहित पाँचौ स्थानमा रहेर पिएम कपको अन्त्य गरेको छ । यस्तै, मधेश प्रदेशले सुदूरपश्चिम प्रदेशलाई पराजित गरेको छ । रुपन्देहीको तिलोत्तमास्थित एक्स्ट्राटेक ओभल क्रिकेट मैदानमा भएको खेलमा मधेशका विशाल पटेलले ६ विकेट लिएपछि सुदूरपश्चिम ४४ रनले पराजित भएको हो । टस जितेर पहिला ब्याटिङ गरेको मधेशले ४२.३ ओभरमा सबै विकेट गुमाएर १ सय २ रनको सामान्य योगफल खडा गरेको थियो । मधेशका प्रदीप पासवानले नटआउट २३, पवन सर्राफले १९, दीपेश दास र रुपेश सिंहले समान १२-१२ रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् । कप्तान अनिल शाह रनको खाता नखोल्दै आउट भए ।

सुदूरपश्चिमका हेमन्त धामी र शेर मल्लले मधेशको ब्याटिङ लाइनलाई ध्वस्त पारे । शेरले १० ओभरमा ६ मेडनसहित ५ रन दिएर ४ विकेट लिए । हेमन्तले ५.३ ओभरमा १ मेडन राखेर ११ रन खर्चंदै ४ विकेट झारे । नारायण जोशी र विकास अग्रीले समान १-१ विकेट लिए ।

जवाफमा १ सय ३ रनको सामान्य लक्ष्य पछ्याएको सुदूरपश्चिम २९ ओभरमा ५८ रनमा अलआउट भयो । सुदूरपश्चिमका लागि तल्लोक्रमका ब्याटर हेमन्त धामीले ३३ बलमा सर्वाधिक १९ रन जोडे । अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् । टोलीका ५ ब्याटरले रनको खाता नै खोल्न सकेनन् । सुदूरपश्चिमलाई सस्तैमा समेट्न मधेशका विशालले ५ ओभरमा १७ रन खर्चिएर ६ विकेट लिए । प्रदिप पासवानले ३ र रुपेश सिंहले १ विकेट हात पारे । जितसँगै मधेशले शीर्ष ४ को सम्भावना कायमै राखेको छ । मधेशको ८ खेलबाट ६ अंक भएको छ । सुदूरपश्चिमले ९ खेलमा ६ हारका साथ प्रधानमन्त्री कपको यात्रा टुंगिएको छ ।


# जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड

नेपाल राष्ट्र बैंक बाट "घ" वर्गको इजाजत पत्र प्राप्त वित्तीय संस्था (१९ जिल्ला कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालय; बुटवल-१०, कालिकानगर, रुपन्देही

**नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गका लघुवित्त वित्तिय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिका २०८१ को निर्देशन नं. ४/०८१(१) (घ ) बमोजिम मिति २०८१ फागुन २४ गते सम्पन्न १४औं बार्षिक साधारण सभाबाट पारित आ.व. २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब तथा अन्य विवरण सर्बसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।**

### २०८१ साल आषाढ मसान्तको वासलात

| पूंजी तथा दायित्व | अनुसूची | आ.व २०८०/०८१ | आ.व २०७९/०८० |
|---|---|---|---|
| १. शेयर पूंजी | ४.१ | १७०,०९१,९०० | १७०,०९१,९०० |
| २. जगेडा तथा कोषहरु | ४.२ | ८५,३४५,५७१ | ७९,२७५,३८२ |
| ३. ऋणपत्र तथा बन्ड | ४.३ | – | – |
| ४. तिर्न बांकी कर्जा सापट | ४.४ | १,०७५,९९३,०७९ | १,११०,८५१,८२७ |
| ५. निक्षेप दायित्व | ४.५ | ८७०,६५२,८८५ | ८१९,९८०,१३१ |
| ६. प्रस्तावित नगद लाभांश | | – | १,१६७,६७९ |
| ७. आयकर दायित्व | | ४,९२७,७१२ | १३९,५६५ |
| ८. अन्य दायित्व | ४.६ | ७०,०७१,१३९ | ४६,३४२,०६८ |
| कुलपुंजी तथा दायित्व | | २,२७७,०८२,२८६ | २,२२७,८४८,५५२ |

| सम्पत्ति | अनुसूची | आ.व २०८०/०८१ | आ.व २०७९/०८० |
|---|---|---|---|
| १. नगद मौज्दात (सिक्का समेत) | | १,५५१,८१६ | १,५८६,८६१ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | | १०,२६६,८२९ | १३,५६६,८२९ |
| ३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ४.७ | १०२,००७,५८१ | १४३,१९६,२१२ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हूने रकम | ४.७ | – | – |
| ५. लगानी | ४.८ | – | – |
| ६. कर्जा सापट | ४.९ | २,०६९,८१८,५८० | १,९८३,२४१,८५२ |
| ७. स्थीर सम्पत्ति | ४.१० | ८,११९,३९८ | ९,६६४,५२४ |
| ८. गैर वैंकिङ्ग सम्पत्ति | ४.११ | – | – |
| ९. अन्य सम्पत्ति | ४.१२ | ८५,३१८,०८२ | ७६,५९२,२७५ |
| कुल सम्पति | | २,२७७,०८२,२८६ | २,२२७,८४८,५५२ |

### मिति २०८० श्रावण १ देखि २०८१ आषाढ ३१ सम्म नाफा नोक्सान हिसाब

| विवरण | अनुसूची | आ.व २०८०/०८१ | आ.व २०७९/०८० |
|---|---|---|---|
| १. व्याज आम्दानी | ४.१४ | २९५,८७४,३९७ | ३०९,५४६,९६९ |
| २. व्याज खर्च | ४.१५ | २००,८७३,६९८ | २११,८०७,२६७ |
| **खूद व्याज आम्दानी** | | **९५,०००,६९९** | **९७,७३९,७०२** |
| ३. कमिशन तथा अन्य सन्चालन आम्दानी | ४.१६ | २१,३६७,५५७ | २३,११९,२७५ |
| ४. सटही घटबढ आम्दानी | | – | – |
| **कूल सन्चालन आम्दानी** | | **११६,३६८,२५५** | **१२०,८५८,९७८** |
| ५. कर्मचारी खर्च | ४.१७ | ८१,७९१,०५१ | ९१,२९४,३३५ |
| ६. अन्य सन्चालन खर्च | ४.१८ | ४२,८०१,१२६ | ४०,४८७,६४६ |
| ७. सटही घटबढ नोक्सान | | – | – |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सन्चालन मूनाफा** | | **(८,२२३,९२२)** | **(१०,९२३,००४)** |
| ८. सम्भावित नोक्सानी व्यवस्थाहरु | ४.१९ | २३,७४६,६५४ | ८८,१६८,४९८ |
| **सन्चालन मुनाफा** | | **(३१,९७०,५७६)** | **(९९,०९१,५०१)** |
| ९. गैर सन्चालन आम्दानी/खर्च | ४.२० | – | – |
| १०. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ४.२१ | ४३,३०५,९०६ | ९१,७३३,५३२ |
| **नियमित कारोवारबाट भएको मूनाफा** | | **११,३३५,३३०** | **(७,३५७,९७०)** |
| ११. असामान्य कारोवारहरुबाट भएको आम्दानी /खर्च | ४.२२ | – | – |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | | **११,३३५,३३०** | **(७,३५७,९७०)** |
| १२. कर्मचारी बोनस व्यवस्था | | ३४८,३१० | – |
| १३. आयकर व्यवस्था | | ३,१६८,०२५ | (५८२,३१९) |
| ▪ यस वर्षको कर व्यवस्था | | ४,९२७,७१२ | १३९,५६५ |
| ▪ विगत वर्षसम्मको कर व्यवस्था | | २८,२३५ | ७८,१५० |
| ▪ यस वर्षको स्थगन कर खर्च र (आम्दानी) | | (१,७८७,९२२) | (८००,०३५) |
| **खूद नाफा/नोक्सान** | | **७,८१८,९९४** | **(६,७७५,६५०)** |

### मिति २०८० श्रावण १ देखि २०८१ आषाढ ३१ सम्म नगद प्रबाह विवरण

| विवरण | आ.व २०८०/०८१ | आ.व २०७९/०८० |
|---|---|---|
| **(क) कारोबार संचालनबाट नगद प्रवाह** | | |
| **१. नगद प्राप्ति** | **३१७,२४१,९५४** | **३३२,६६६,२४५** |
| १.१ व्याज आम्दानी | २९५,८७४,३९७ | ३०९,५४६,९६९ |
| १.२ अपलेखित कर्जाको असुली | – | – |
| १.३ कमिशन तथा अन्य आम्दानी | २१,३६७,५५७ | २३,११९,२७५ |
| **२. नगद भुक्तानी** | **३२६,९९६,५४८** | **३६५,७१९,७४०** |
| २.१ व्याज खर्च | २००,८७३,६९८ | २११,८०७,२६७ |
| २.२ कर्मचारी खर्च | ८१,७९१,०५१ | ९१,२९४,३३५ |
| २.३ कार्यालय संचालन खर्च | ४०,१७६,२५४ | ३७,४०८,८३३ |
| २.४ आयकर भूक्तानी | १३९,५६५ | १५,४४१,४२८ |
| २.५ आगामी आर्थिक वर्षको आयकर भूक्तानी | २८,२३५ | ७८,१५० |
| २.६ संस्थागत सामाजिक उत्तरदायित्व कोषबाट खर्च | ३३०,२६१ | ४६२,१०१ |
| २.७ ग्राहक संरक्षण कोषबाट खर्च | ३,०७१,३१७ | ३,३१६,५१४ |
| २.८ कर्मचारी वोनस भूक्तानी | २७,६३९ | ५,९११,१११ |
| २.९ कर्मचारीहरुको दक्षता अभिवृद्धि कोषको खर्च | ५५८,५२७ | – |
| २.१० अन्य खर्च | – | – |
| **कार्यगत पूंजी गतिविधि अघिको नगद प्रवाह** | **(९,७५४,५९४)** | **(३३,०५३,४९५)** |
| **संचालन सम्बन्धी चालू सम्पत्तिमा कमी / (वृद्धि)** | **(७३,९५५,३६०)** | **२४५,४०८,९१४** |
| १. माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी / (वृद्धि) | – | – |
| २. अन्य अल्पकालीन लगानीमा कमी / (वृद्धि) | – | – |
| ३. कर्जामा कमी / (वृद्धि) | (६७,०२३,९७४) | २६७,४७७,४२७ |
| ४. अन्य सम्पत्तिमा कमी / (वृद्धि) | (६,९३१,३८५) | (२२,०६८,५१३) |
| **संचालन सम्बन्धी चालु दायित्वमा (कमी) / वृद्धि** | **७४,०८१,१५३** | **१२,४३८,०७९** |
| १. निक्षेप दायित्वमा (कमी) / वृद्धि | ५०,६७२,७५४ | ७,६८३,५७० |
| २. अल्पकालीन सापटीमा (कमी) / वृद्धि | – | – |
| ३. अन्य दायित्वमा (कमी) / वृद्धि | २३,४०८,४०० | ४,७५४,५०९ |
| **कारोवार संचालनबाट भएको कूल नगद प्रवाह** | **(९,६२८,८०१)** | **२२४,७९३,४९८** |
| **(ख) लगानी कारोवारमा नगद प्रवाह** | **(१,०७९,७४८)** | **(२,३५९,६८०)** |
| १. दिर्घकालिन लगानीमा कमी / (वृद्धि) | – | – |
| २. स्थीर सम्पत्तिमा कमी / (वृद्धि) | (१,०७९,७४८) | (२,३५९,६८०) |
| ३. दीर्घकालीन लगानीमा ब्याज आम्दानी | – | – |
| ४. लाभांश आम्दानी | – | – |
| ५. अन्य | – | – |
| **(ग) वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | **(३३,८१५,१२६)** | **(१५४,५२७,३३३)** |
| १. दीर्घकालीन ऋण (वण्ड, डिवेन्चर आदि) मा (कमी) / वृद्धि | (३४,८५८,७४८) | (१५६,७९०,४१७) |
| २. शेयर पुंजीमा (कमी)/वृद्धि | – | – |
| ३. अन्य दायित्वमा वृद्धि/(कमी) | २,२११,३०० | २,२६३,०८४ |
| ४. नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत / पूनरकर्जामा (कमी)/वृद्धि | – | – |
| ५. लाभांश भुक्तानी | (१,१६७,६७९) | – |
| **(घ) नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी / खर्च** | – | – |
| **(ङ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग+घ)** | **(४४,५२३,६७५)** | **६७,९०६,४८५** |
| **(च) नगद तथा बैंकमा रहेको शुरु मौज्दात** | **१५८,३४९,९०२** | **९०,४४३,४१६** |
| **(छ) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **११३,८२६,२२६** | **१५८,३४९,९०२** |

### २०८१ आषाढ मसान्तको पुंजीकोष तालिका

| विवरण | आ.व २०८०/०८१ | आ.व २०७९/०८० |
|---|---|---|
| **क) प्राथमिक पुंजी** | **१९९,०५०,४०४** | **१९४,३८६,१३६** |
| १. चुक्ता पुंजी (साधारण शेयर) | १७०,०९१,९०० | १७०,०९१,९०० |
| २. प्रस्तावित बोनस शेयर | – | – |
| ३. शेयर प्रिमियम | – | – |
| ४. फिर्ता नहुने अग्राधिकार शेयर | – | – |
| ५. साधारण जगेडा कोष | ४२,९९९,९३१ | ४१,४३६,१३२ |
| ६. सञ्चित नाफा/नोक्सान | (१४,०४१,४२६) | (१७,१४१,८९६) |
| ७. पूनरतालिकीकरण/पूनरसंरचना | – | – |
| ८. वासलातमा देखाईएको चालू आ.व.को नाफा नोक्सान हिसाबको रकम | – | – |
| ९. पुंजी फिर्ता जगेडा कोष | – | – |
| १०. पुंजी समायोजन कोष | – | – |
| ११. कल्स इन एडभान्स | – | – |
| १२. अन्य स्वतन्त्र कोषहरु | ७,५७९,९७७ | ५,७९२,०५५ |
| **घटाउने** | | |
| - ख्याति (Goodwill) वापतको रकम | – | – |
| - स्थगन कर सम्पत्ति (Deferred Tax Assets) | (७,५७९,९७७) | (५,७९२,०५५) |
| - सीमाभन्दा बढी शेयर, सुरक्षणपत्रमा लगानी गरिएको रकम | – | – |
| - वित्तीय स्वार्थ रहेको कम्पनीको धितोपत्रमा लगानी गरेको रकम | – | – |
| - अवास्तविक सम्पत्ती (Fictitious Assets) | – | – |
| - यस बैंकको निर्देशन पालना नगरी स्वप्रयोजनको लागि घर जग्गा खरिद गरेको रकम | – | – |
| - प्रचलित ऐन तथा कानुनले प्रतिबन्ध गरेका व्यक्ति तथा समुहहरुलाई प्रदान गरेको कर्जा तथा सुविधाहरु | – | – |
| **ख. पुरक पुंजी** | **१७,२७३,३१५** | **१५,५७३,७४२** |
| १. असल कर्जाको लागि गरिएको कर्जा नोक्सानी व्यवस्था | १७,२७३,३१५ | १५,५७३,७४२ |
| २. अतिरिक्त कर्जा नोक्सानी व्यवस्था | – | – |
| ३. हाइब्रिड पुंजी उपकरणहरु | – | – |
| ४. सूरक्षण नराखिएको सहायक आवधिक ऋण | – | – |
| ५. सम्पत्ति पुर्नमुल्याङ्कन कोष | – | – |
| ६. लगानी समायोजन कोष | – | – |
| **ग. जम्मा पुंजीकोष (क + ख)** | **२१६,३२३,७१९** | **२०९,९५९,८७८** |
| **घ. जोखिम भारित सम्पत्तिको आधारमा कायम गर्नूपर्ने न्युनतम पुंजीकोष** | | |
| पुंजीकोष (८ प्रतिशत) | १८४,९६५,९८० | १७९,६५१,५९७ |
| प्राथमिक पुंजी (४ प्रतिशत) | ९२,४८२,९९० | ८९,८२५,७९८ |
| पूंजीकोष (अधिक) (१.३६ प्रतिशतले) | ३१,३५७,७४० | ३०,३०८,२८२ |
| प्राथमिक पूंजी (अधिक) (४.६१ प्रतिशतले) | १०६,५६७,४१४ | १०४,५६०,३३८ |

### २०८१ आषाढ मसान्तको जोखिम भारित सम्पत्ति विवरण तालिका

| क. वासलात भित्रका सम्पत्तिहरु (On-Balance-sheet Assets) | भार | आ.व २०८०/०८१ रकम | आ.व २०८०/०८१ जोखिम भारित सम्पत्ति | आ.व २०७९/०८० रकम | आ.व २०७९/०८० जोखिम भारित सम्पत्ति |
|---|---|---|---|---|---|
| नगद मौज्दात | ० | १,५५१,८१६ | – | १,५८६,८६१ | – |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ० | १०,२६६,८२९ | – | १३,५६६,८२९ | – |
| नेपाल सरकारको सुरक्षणपत्रमा गरिएको लगानी | ० | – | – | – | – |
| नेपाल राष्ट्र बैंक ऋणपत्रमा गरिएको लगानी | ० | – | – | – | – |
| आफ्नै मुद्दती रसीदका धितामा पुर्ण सुरक्षित हुन गरी प्रदान गरिएका मुद्दती रसीद धितो कर्जा | ० | – | – | | – |
| सरकारी सुरक्षणपत्रको धितोमा पुर्ण सुरक्षित हुने गरी प्रदान गरिएको कर्जा | ० | – | – | – | – |
| सरकारी सुरक्षणपत्रको पाउनु पर्ने ब्याज रकम (Accrued Interest) | ० | – | – | – | – |
| बैंक/वित्तीय संस्थाहरुमा रहेको मौज्दात / मुद्दती रसिदको दावी (Claim) | २० | १०२,००७,५८१ | २०,४०१,५१६ | १४३,१९६,२१२ | २८,६३९,२४२ |
| मागेको बखत प्राप्त हूने रकम (Money at Call) | २० | – | – | – | – |
| अन्तर बैंक / संस्था सापटी | २० | – | – | – | – |
| शेयर, डिबेञ्चर एवं बण्डमा भएको लगानी | १०० | – | – | – | – |
| अन्य लगानीहरु | १०० | – | – | – | – |
| कर्जा, सापट (कुल रकम) | १०० | २,१५६,३६८,२९६ | २,१५६,३६८,२९६ | २,०८९,३४४,३२२ | २,०८९,३४४,३२२ |
| स्थिर सम्पत्तिहरु | १०० | ८,११९,३९८ | ८,११९,३९८ | ९,६६४,५२४ | ९,६६४,५२४ |
| **पाउनुपर्ने खुद अन्य खुद ब्याज रकम (कुल पाउनु पर्ने ब्याज- रकारी ऋण तथा वचत पत्रको ब्याज-ब्याज मुल्तवी)** | १०० | – | – | – | – |
| **गैर बैकिङ्ग सम्पत्तिहरु** | १०० | – | – | – | – |
| **अन्य सबै सम्पत्तिहरु (खुद अग्रीम कर दाखिला वाहेक)** | १०० | ८०,०१८,८७८ | ८०,०१८,८७८ | ७१,४२१,२७१ | ७१,४२१,२७१ |
| .(क) जम्मा | | २,३५८,३३२,७९९ | २,२६४,९०८,०८९ | २,३२८,७८०,०१८ | २,१९९,०६९,३५९ |
| **ख. वासलात वाहिरको कारोवार (Off-balance sheet Items)** | | | | | |
| जमानत | १०० | – | – | – | – |
| अपरिवर्त्य कर्जा प्रतिवद्धता (Irrevocable Loan Commitment) | १०० | – | – | – | – |
| आयकर वापत सम्भावित दायित्व | १०० | – | – | – | – |
| Acceptance सहित अन्य सबै प्रकारका सम्भावित दायित्वहरु | १०० | – | – | – | – |
| चूक्ता वा भूक्तनी हून बांकी शेयर लगानी | १०० | – | – | – | – |
| भूक्तानीको लागि दावी परेको जमानत | २०० | – | – | – | – |
| संस्था उपर दावी परेको तर संस्थाले दायित्व स्वीकार नगरेको दायित्वहरु | २०० | – | – | – | – |
| (ख) जम्मा | | – | – | – | – |
| **ग. संचालन जोखिम बमोजिमको रकम (कूल सम्पत्तिको २ प्रतिशत)** | | ४७,१६६,६५६ | ४७,१६६,६५६ | ४६,५७५,६०० | ४६,५७५,६०० |
| (ग) जम्मा | | ४७,१६६,६५६ | ४७,१६६,६५६ | ४६,५७५,६०० | ४६,५७५,६०० |
| **कूल जोखिम भारित सम्पत्ति जम्मा (क)+(ख)+(ग)** | | **२,४०५,४९९,४५५** | **२,३१२,०७४,७४५** | **२,३७५,३५५,६१८** | **२,२४५,६४४,९५९** |

### कम्तीमा विगत ५ वर्षको परिसूचकहरु प्रमूख सुचकाङ्क

| क्र. सं. | विवरण | सुचकांङ्क | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ |
|---|---|---|---|---|---|---|---|
| १ | खुद नाफा/कुल आम्दानी प्रतिशत | प्रतिशत | ८.१७ | १५.६३% | १०.९८% | -२.०४% | २.४६% |
| २ | प्रति शेयर आम्दानी | रु. | २९.९० | ४१.८५ | २६.१२ | (३.९८) | ४.६० |
| ३ | प्रति शेयर बजार मुल्य | रु. | १,६७०.०० | ३,२०१.०० | १,७२५.०० | १,०२०.०० | १,४२५.०० |
| ४ | मुल्य आम्दानी अनूपात (PE Ratio) | अनूपात | ५५.८६ | ७६.४८ | ६६.०५ | (२५६.०५) | ३०९.९९ |
| ५ | शेयर पुंजीमा लाभांश (बोनस सहित) | प्रतिशत | ५२.०० | २६.३२ | १५.७९ | – | – |
| ६ | शेयर पुंजीमा नगद लाभांश भूक्तानी | प्रतिशत | २.६० | १.३२ | ०.७९ | – | – |
| ७ | व्याज आम्दानी/कर्जा तथा सापट | प्रतिशत | १५.७० | १३.१५% | १३.७४% | १४.८२% | १३.७२% |
| ८ | कर्मचारी खर्च/कुल सञ्चालन खर्च | प्रतिशत | ६७.६९ | ६९.५३% | ७२.११% | ६९.२८% | ६५.६५% |
| ९ | कुल निक्षेप तथा सापटीमा व्याज खर्च | प्रतिशत | २४.९९ | १६.१३% | १८.९७% | २५.८३% | २३.०७% |
| १० | सटही घटबढ आम्दानी/कुल आम्दानी | प्रतिशत | – | – | – | – | – |
| ११ | कर्मचारी बोनस/कुल कर्मचारी खर्च | प्रतिशत | ६.०३ | ११.७१% | ७.०३% | ०.००% | ०.४३% |
| १२ | खुद नाफा/कर्जा सापट | प्रतिशत | १.५१ | २.३९% | १.६४% | -०.३२% | ०.३६% |
| १३ | खुद नाफा/कुल सम्पत्ति | अनुपात | १.०२ | १.७३ | १.२६ | (०.२२) | ०.२५ |
| १४ | कुल कर्जा/निक्षेप | प्रतिशत | २९२.०० | ३०२.७३% | २९०.१४% | २५४.८०% | २४८% |
| १५ | कुल सञ्चालन खर्च/कुल सम्पत्ति | प्रतिशत | ५.३० | ४.११% | ४.८८% | ५.९२% | ५.५% |
| १६ | जोखिम भारित सम्पत्तिमा पूजीकोषको पर्याप्तता | | | | | | |
| | क. प्राथमिक पूंजी | प्रतिशत | ८.२५ | ८.०८% | ८.९२% | ८.६६% | ८.६१% |
| | ख. पुरक पूंजी | प्रतिशत | ०.८७ | १.२२% | १.७४% | ०.६९% | ०.७५% |
| | ग. कुल पूंजी कोष | प्रतिशत | ९.१२ | ९.३१% | १०.६६% | ९.३५% | ९.३६% |
| १७ | तरलता (CRR) | प्रतिशत | ०.५९ | ०.५१ | ०.६५ | ०.०१ | ०.५९% |
| १८ | निष्कृय कर्जा/कुल कर्जा | अनुपात | ३.५८ | ४.२८% | ३.६२% | १३.६२% | ६.९२% |
| १९ | व्याज दर अन्तर (Weighted Average Interest Rate Spread) | प्रतिशत | ५.३२ | ८.९७% | ७.६५% | ४.४१% | ४.६० |
| २० | बुक नेटवर्थ | रु. | १५०.१३ | १५१.५२ | १५१.४८ | १४६.६१ | १५०.१८ |
| २१ | कुल शेयर | संख्या | ७९२,०००.०० | १,१८३,२४८.०० | १,४७९,०६०.०० | १,७००,९१९.०० | १,७००,९१९.०० |
| २२ | कुल कर्मचारी | संख्या | २०२.०० | २१४.०० | २१४.०० | २१७.०० | १८९.०० |
| २३ | अन्य | | | | | | |

रु.जि.हु.द.न.१३/०६३/०६४
२०८१ चैत १३,गते बुधबार
Wednesday Mar. 26, 2025
न.प.जि.प्र.का.द.न.४/०४५/०४६
दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# ट्रक व्यवसायीलाई संगठित र एकमत हुन आग्रह

**मोहम्मद हबिब**
*भैरहवा*

लुम्बिनी ट्रक यातायात व्यवसायी संघको १३औं साधारणसभा तथा ६औं अधिवेशनबाट निर्वाचिन पदाधिकारी तथा सदस्यहरुको पदस्थापन गरिएको छ।

मंगलबार संघको सभाहलमा एक कार्यक्रमको आयोजना गरी ३ वर्ष कार्याकालका लागि निर्वाचित समितिलाई प्रमुख निर्वाचन अधिकृत शेषमणी पोखरेलले सपथ गराई निवर्तमान समितिले नव निर्वाचित समितिलाई पदस्थापन गरेको हो।

शनिबार सम्पन्न अधिवेशनबाट रुमाखर गौतमको अध्यतामा १२ सदस्यीय नयाँ नेतृत्व चयन भएको थियो। पदस्थापन कार्यक्रममा बोल्दै प्रमुख अतिथि प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री सन्तोषकुमार पाण्डेले संघर्षले बनेको यो संस्थाको गरिमा अझैं बढाउनका लागि सबैलाई संगठित र एक मत हुन आग्रह गरे। उनले व्यवसायिक हक हितको लागि सबै व्यवसायीहरू एकताबद्ध भए व्यवसायको पनि संरक्षण हुने बताउँदै आफू ट्रक व्यवसायीहरुको समस्याको विषयमा पुरै अवगत भएको निरन्तर आवाज उठाउँदै आएको बताए। 'ट्रक व्यवसायीहरु अहिले निकै मारमा परेकोले उहाँहरुको समस्या समाधानको लागि आफू साथमा रहने र सधैं सहयोग गर्ने प्रतिबद्धता जनाउँछु।'–उनले भने।

उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य तथा वरिष्ठ सल्लाहकार महेन्द्र श्रेष्ठले सबैभन्दा बढी आयात निर्यात हुने भैरहवा भन्सार, देशभरि खाद्यान्न उपलब्ध गराउने क्षेत्र र अत्याधिक उद्योग र कलकलारखाना भएको यो क्षेत्रमा स्थापित संस्थाले सोचेअनुसारको फाइदा नलिएको बताए। यहीका ट्रक व्यवसायीहरु हुँदाहुँदै पनि अवसरको पूर्ण फाइदा लिने हकदार पनि यही क्षेत्र भएता पनि संगठित नहुँदा काम र सेवा गर्ने अवसर यहाँका व्यवसायीले नपाएको उनले जनाए। छठ र सिमेन्टको रेट व्यवसायीहरु संगठित भएकै कारण आधारहरुसहित रेट बढाएर गएका छन्, त्यसको सिको गर्दै नयाँ बनेको कार्यसमितिले विभिन्न समस्यासहित एकजुट भएर अगाडि बढ्न आग्रह गरे।

ट्रक व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष लोकराज पोखरेलले ट्रक व्यवसाइ दुःखद अवस्थामा गुज्रिरहेको बेला नयाँ समितिले कठिन र चुनौतीपूर्ण अवस्थामा लिएको जिम्मेवारीबाटपछि नहटी भारतीय ट्रकबाट भएको प्रताडितलाई चिर्न जरुरी रहेको बताए। नेपालको पहिलो धर्मकाटाँ यही भएकोले तौलपुलमा भएको डिजिटलाइज प्रविधिलाई पूर्ण कार्यान्वयनमा ल्याई स्वच्छ प्रतिस्पर्धा गर्ने वातावरण सृजना गर्नुपर्ने उनले जनाए।

ट्रक व्यवसायी महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष हेम पाण्डे, पश्चिमाञ्चल ट्रक व्यवसायी संघका महासचिव, सिद्धार्थ उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष दिलीपकुमार कान्दु, नवलपरासी उद्योग वाणिज्य संघका अध्यक्ष ओमप्रकाश अग्रहरि, लुम्बिनी प्रेस क्लबका अध्यक्ष कमल रायमाझीलगायतले बोल्दै नवनिर्वाचित कार्यसमितिलाई बधाई दिँदै व्यवसायीको हकहित र समस्यामा अगाडि उभिने गरी काम गर्न आग्रह गरे। उनीहरुले चरम आर्थिक मन्दिका बेला व्यवसायी पलायन भैरहेको अवस्थामा सबै व्यवसायीहरुलाई एक भएर संस्थागत हितका लागि पनि लाग्नु पर्नेमा जोड दिएका थिए। ट्रक व्यवसायीबाट कर मात्रै असुल्ने, व्यवसायमैत्री वातावरण नबनाइ सरकारले हेर्ने नजर फरक रहेको उनीहरुले बताए।

संस्थाको ६औं अधिवेशनले अध्यक्षमा गौतमसहित वरिष्ठ उपाध्यक्षमा मधुसुदन आचार्य, प्रथम उपाध्यक्षमा अमित थापा, उपाध्यक्षमा झविन्द्रबहादुर चोखाल, महासचिवमा बाल किशुन गुप्ता बनियाँ, सचिवमा लिलाप्रसाद श्रेष्ठ र कोषाध्यक्ष्मा रविन खरेललाई निर्वाचित गरेको थियो। यस्तै सदस्यहरुका अकलेश अग्रहरि, यूवराज क्षेत्री, अमित कुार चौधरी, एक नारायण पाण्डे र रास विहारी जैसवाललाई निर्वाचित गरेको थियो।

पदस्थापन पश्चात बोल्दै नवनिर्वाचित अध्यक्ष गौतमले पाएको जिम्मेवारीमा रही कुनै किसिमको संस्थामा आँच नआउने गरी गरिमा बढाउने काममा लाग्ने प्रतिबद्धता जनाए। उनले निवर्तमान अध्यक्ष र सबैको सल्लाह, राय सुझाव लिइ अगाडि बढ्ने बताउँदै व्यवसायीलाई लाभ पुग्ने गरी काम गर्ने जनाए। दुर्घटना, बिमा, ओभरलोड, सडक पूर्वाधार, चलाक र व्यवसायीको हकहित र अपहेलनाविरुद्ध आफू अग्रपंक्तिमा उभिई सामना गर्ने बताए।

निवर्तमान अध्यक्ष विष्णुप्रसाद खरेलले धैरै संघर्षले जन्मिएको संस्थाको पदमा नरहे पनि सधैं व्यवसायीहरुको साथमा रहने बताए। उनले सरकारले हामीमाथि लादेको विभिन्न करको अलावा कुल भाडामा अहिले भ्याट लगाएकोमा यसलाई संघले मध्यनजर गर्दै लैजाने समेत जनाए।

# नवलपुरमा ४२६ जना नयाँ क्षयरोगी भेटिए

नवलपुर। नवलपुरमा चालु आर्थिक वर्षको फागुन मसान्तसम्म चार सय २६ जना नयाँ क्षयरोगी भेटिएका छन्। चालु आर्थिक वर्षको फागुन मसान्त सम्म जिल्लामा ११ जना क्षयरोगीको मृत्यु भएको प्रदेश जनस्वास्थ्य कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व) का क्षयरोग फोकल पर्सन डिल्लीराम तिवारीले बताए।

नयाँ क्षयरोगी मध्य १४ जना बालबालिका रहेका छन्। नवलपुर जिल्लामा अहिले चार सय २६ जना क्षयरोगीले औषधि सेवन गरिरहेको तिवारीले बताए। औषधि सेवन गरिरहेका क्षयरोगी मध्ये बहुऔषधि प्रतिरोध बिरामी (डी.आर) भएका पाँच महिला र चार पुरुष गरी नौ जनाको मध्यविन्दु प्रादेशिक अस्पतालको क्षयरोग उपचार केन्द्रमा आवासीय रूपमा उपचार भइरहेको छ।

विश्व क्षयरोग दिवसको अवसरमा मंगलबार कावासोतीमा प्रदेश जनस्वास्थ्य कार्यालय नवलपुरले आयोजना गरेको पत्रकारसँग अन्तरक्रिया कार्यक्रममा यस्तो जानकारी दिइएको हो। कार्यक्रममा गैंडाकोट र देवचुली नगरपालिकालाई क्षयरोग मुक्ता पालिका बनाउने गरी अभियान सञ्चालन गरिएको समेत जानकारी गराइएको थियो। कार्यक्रममा जिल्ला समन्वय समिति नवलपुरका प्रमुख बाबुराम विकले स्वास्थ्य जस्तो सम्वेदनशिल विषयमा सबै सचेत र सजक हुनु पर्नेमा जोड दिए।

उनले क्षयरोग र यसबाट बच्न सक्ने उपाय तथा सरकारले दिएको निःशुल्क औषधि उपचारको विषयमा सबै मिलेर प्रचारप्रसार गरी जनसमुदाय स्तरसम्म पुर्‍याउनु पर्नेमा जोड दिए।

जिल्लामा भेटिएका क्षयरोगीमध्ये सबैभन्दा बढी कावासोती नगरपालिकामा ८८ जना, देवचुली नगरपालिकामा ८५ जना, गैंडाकोट नगरपालिकामा ७५ जना, मध्यविन्दु नगरपालिकामा ५६ जना, विनयी त्रिवेणी गाउँपालिकामा ४२ जना, हुप्सेकोट गाउँपालिकामा ४२ जना, बुलिङटार गाउँपालिकामा ३२ जना र बौदीकाली गाउँपालिकामा छ जना रहेको तिवारीले बताए। जिल्लामा देखिएका क्षयरोगीहरूमध्ये ९० प्रतिशत रोगीको सफल उपचार भएको तथ्याङ्क रहेको छ।

जिल्लामा गत आर्थिक वर्ष २०८०/८१ म छ सय तीन जनामा क्षयरोग भेटिदा २६ जनाको मृत्यु भएको थियो, २०७९/८० मा पाँच सय ४६ जनामा क्षयरोग भेटिदा २१ जनाको मृत्यु भएको थियो भने आर्थिक वर्ष २०७८/७९ मा पाँच सय २९ क्षयरोगी भेटिदा १९ जनाका मृत्यु भएको थियो। त्यसैगरी आर्थिक वर्ष २०७७/७८ मा जिल्लामा चार सय १६ जनामा क्षयरोग देखिएकोमा १८ जनाको मृत्यु भएको थियो।

क्षयरोगको उपचारका लागि जिल्लामा ६६ डट्स केन्द्र रहेको फोकल पर्सन तिवारीले जानकारी दिए। मध्यविन्दु प्रादेशिक अस्पताल डण्डामा डीआर (ड्रक रेसिस्टेन्ट) होस्टेल रहेको छ।

पाल्पाको ऐतिहासिक बल्ढेङ्ग गढी :

# ओझेलमा परेको सम्पदा

पाल्पा। पाल्पा जिल्लामा अवस्थित बल्ढेङ्ग गढी ऐतिहासिक महत्त्व बोकेको स्थल हो। नेपाल एकीकरणको समयमा प्रमुख सैन्य किल्लाका रूपमा रहेको यो गढी अहिले ओझेलमा परेको छ। संरक्षणको अभावका कारण यसको मौलिकता धमिलिँदै गएको छ।

बल्ढेङ्ग गढी राजा पृथ्वीनारायण शाहको पालादेखि नै सैनिक दृष्टिकोणले महत्त्वपूर्ण मानिन्थ्यो। इतिहासविद्का अनुसार, पाल्पाको सैन्य किल्ला प्रणालीमा यो गढी महत्वपूर्ण केन्द्रबिन्दु थियो। यहाँबाट बुटवल, भैरहवा, चितवन हुँदै काठमाडौं प्रवेश गर्न सकिने पुरानो मार्गलाई नियन्त्रण गरिन्थ्यो।

तर, हाल संरक्षण अभाव, प्रचारप्रसारको कमी र सरकारी बेवास्ताका कारण यो गढी जीर्ण अवस्थामा पुगेको छ। स्थानीयवासी र इतिहासप्रेमीहरू यसलाई पर्यटन स्थलका रूपमा विकास गर्नुपर्ने माग गरिरहेका छन्।

बल्ढेङ्ग गढीमा अझैं पनि पुराना ढुङ्गे पर्खाल, तोप राख्ने ठाउँ, र गोप्य सुरुङ मार्गहरू देख्न सकिन्छ। यस्ता ऐतिहासिक सम्पदाको उचित संरक्षण र प्रवर्धन गरेमा यो स्थल पर्यटकका लागि आकर्षक गन्तव्य बन्न सक्छ।

स्थानीय सरकार र सरोकारवाला निकायहरूले यस गढीको पुनर्निर्माण तथा पर्यटन प्रवर्द्धनमा ध्यान दिनुपर्ने आवाज उठ्न थालेको छ। यदि आवश्यक पहल गरिएमा बल्ढेङ्ग गढी इतिहास मात्र नभई, भविष्यका लागि पनि महत्त्वपूर्ण सम्पदाका रूपमा रहन सक्नेछ।

» *भिम कार्की (प्रशिक्षार्थी)*

**उप–महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बुटवल, रुपन्देही**
**लुम्बिनी प्रदेश, नेपाल**

## उजीरसिंह रंगशाला आयोजनाका लागि जग्गा खरिद सम्बन्धी सार्वजनिक सूचना

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१।१२।१३)**

बुटवल उपमहानगरपालिकाबाट प्रस्तावित रुपन्देही जिल्लाको बुटवल उपमहानगरपालिका वडा नं १३ जवई खेल मैदान स्थित उजीरसिंह रंगशाला आयोजना पूर्वाधार निर्माणका लागि राष्ट्रिय बनको ३ हेक्टर जग्गा प्रयोग गर्न जग्गा खरिद गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित शर्त बमोजिम जग्गा उपलब्ध गराउन इच्छुक व्यक्ति तथा संघ संस्थाहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र देहायको शर्तहरु बमोजिम शिलवन्दी दरखास्त पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

**शर्तहरुः**

१. बोलपत्र फाराम दस्तुर रु ३०००/०० (तीन हजार) फिर्ता नहुने गरी तिरी यो सूचना प्रकासित भएको मितिले ३० (तिस) औ दिन सम्म कार्यालय समयमा यस नगरपालिकाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराम खरिद गर्दा जग्गाधनीको निवेदन साथ नागरिकता प्रमाणपत्रको प्रतिलिपि, जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि र रु १० को हुलाक टिकट टाँस गरिएको हुनु पर्नेछ।
३. सूचना प्रकासित भएको मितिले ३१ औ दिन दिनको १२:०० बजे सम्म बोलपत्र दाखिला गर्नु पर्नेछ। दाखिला भएका बोलपत्र सोही दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधि, बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
४. उपलब्ध गराइने जग्गाको चार किल्ला, क्षेत्रफल, अवस्थिति तथा प्रकृति तपसिल बमोजिम हुनु पर्नेछ।

**तपसिलः**

क) जग्गाको क्षेत्रफल न्यूनतम ३ (तिन) हेक्टर हुनुपर्ने र भविष्यमा सोको आसपास थप जग्गा आवश्यक हुँदा सहज रुपमा उपलब्ध हुन सक्ने सम्भावना रहेको।
ख) आयोजनास्थलको नजिक पर्ने राष्ट्रिय वन क्षेत्रसँग जोडिएको र समान भौगोलिक र पारिस्थितिकीय क्षेत्रमा पर्ने तथा वनको विकास गर्न सकिने भू-बनोट भएको पर्नेछ।
ग) जग्गा मानव बस्तीदेखि टाढा, बाढी पहिरोको जोखिम नभएको, सडक तथा खानेपानीको पर्याप्त पहुँच पुगेको र विद्युत सेवा विस्तार गर्न सहज सम्भावना भएको हुनु पर्नेछ।
घ) मैझगडा, किचलो, दोहोरो स्वामित्व भएको तथा अन्य कुनै निकायमा धितो बन्धक राखिएको वा रोक्का गरिएको जग्गा उपर कुनै कारवाही गरिने छैन।

५. दरखास्त साथ आफूले उपलब्ध गराउन चाहेको जग्गाको कित्ता नं. र क्षेत्रफल समेत देखिने जग्गाधनी दर्ता प्रमाणपूर्जा, चालु आ.व.०८१/०८२ को सम्पतिकर/मालपोत तिरेको रसिद, स्वामित्व वालाको नेपाली नागरिकताको प्रमाण पत्र (संघ संस्था भए संस्था दर्ता प्रमाणपत्र तथा जग्गा विक्री सम्बन्धमा कार्य समितिबाट भएको निर्णयको प्रतिलिपिहरू (स्वप्रमाणित गरिएको। र आफुले उपलब्ध गराउन चाहेको जग्गा रहेको बडा नं., कि.नं., क्षेत्रफल, अवस्थिति (स्थान), जग्गाको प्रकृति तथा आफूले लिन चाहेको प्रति हेक्टर मूल्यदर (अंक र अक्षरमा। उल्लेख गरेको विवरण समेत संलग्न गरिएको हुनु पर्नेछ। अंक र अक्षरमा उल्लेखित मूल्यमध्ये अंक स्पष्ट नभएको अवस्थामा अक्षरमा उल्लेखित मूल्यलाई मान्यता दिइने छ।
६. जग्गा उपलब्ध गराउने सम्बन्धी दरखास्त लगायतका अन्य सबै कागजातहरु खामवन्दी गरी खामको बन्द जोर्नीमा दरभाउपत्रदाताको दरखास्त वा लाहाछाप लगाई खामको बाहिरी भागको दाँया शीरमा जग्गा खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र, ०८१।०८२ लेखिएको हुनु पर्नेछ।
७. दरखास्त दाताहरुबाट प्राप्त जग्गाहरुमध्ये कुन जग्गा प्राप्ति गर्ने सम्बन्धमा जिल्ला सहजिकरण समितिले गरेको निर्णय अन्तिम हुनेछ।
८. दरखास्त पेश गर्ने अन्तिम मितिको दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समयभित्र दरखास्त पेश गर्न सकिने छ।
९. रीत नपुगी प्राप्त हुन आउने दरखास्त उपर कुनै कारबाही हुने छैन।
१०. नगरपालिकाले भुक्तानी दिनु पर्ने जग्गाको रकम जग्गा नगरपालिकाको नाममा रजिष्ट्रेशन पास भएपछि मात्र भुक्तानी दिईनेछ।
११. प्रस्तावित जग्गाहरुको स्थलगत निरीक्षण गरी बढी क्षेत्रफलको वा घटी क्षेत्रफलको वा बढी मुल्यको वा घटी मुल्यको जग्गा खरिद गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहने छ।
१२. यस सम्बन्धमा थप जानकारी लिनु पर्ने भएमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क गरी वा सम्पर्क नम्बर ९८५७०३३६७८ मा सम्पर्क गरी जानकारी लिन सकिने छ।

**प्रमुख प्रशासकीय अधिकृत**

नागरिकताले पाउने सामाजिक सुरक्षा भत्ताहरु

-जेष्ठ नागरिक भत्ता।
-अन्य जेष्ठ नागरिक भत्ता।
-एकल महिला भत्ता।
- विधवा भत्ता।
-पूर्ण अपाङ्गता भत्ता।
-अति अशक्त अपाङ्गता भत्ता।
-बाल पोषण भत्ता।
-लोपन्मुख जाति भत्ता।

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न आफ्नो स्थानीय तहमा सम्पर्क गरौं।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

**Madhyabindu Municipality**

## Office of Municipal Executive

**Madhyabindu-7, Chormara, Nawalparasi (East of BardghatSusta)**
**Gandaki Province, Nepal**

# Invitation for Bid

First Date of publication: 2025-3-26

1. Madhyabindu Municipality has own resources and has allocated funds towards the cost of Goods Itemsand intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following goods works.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Estimate Amount With VAT | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs. | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| 5/NCB/MB/GOODS/2081/82 | Procurement Of Medicial Equipment | NCB-GOODS | 9490000.00 | 3000/- | 2,50,000.00 | 90 days/120 days after bid opening | 2025-4-25 12.00 | 2025-4-25 14.00 |
| 6/SQ/MB/GOODS/2081/82 | Procurement of Printing, Lamination, Binding and Delivery of Books at Madhyabindu Municipality | SQ-GOODS | 1413650.125 | 1000/- | 40000.00 | 45 days/75 days after bid opening | 2025-4-10 12.00 | 2025-4-10 14.00 |

Chief Administrative Officer

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com